जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ •अंक १६६ • २०८२ साल कार्तिक २९ गते शनिवार (15 November, Saturday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## गोली हानी वडाध्यक्षको हत्या

**टुडे समाचारदाता**



जनकपुरधाम । धनुषामा एकजना प्रहरीले जनप्रतिनिधिमाथि गोली प्रहार गरी हत्या गरेको छ।

गाउँमा श्राद्ध भोजमा दुई पक्षबीच विवाद भएपछि मिथिला बिहारी नगरपालिका वडा नम्बर ९ का वडाध्यक्ष विन्देश्वर यादवले विवाद मिलाइरहेका क्रममा प्रहरी शम्भु यादवले गोली हानी हत्या गरेको धनुषा प्रहरीले जनाएको छ । सो घटनामा सात जना घाइतेसमेत भएको जनाइएको छ।

धनुषा प्रहरीमा कार्यरत गाउँकै शम्भु यादवले वडाध्यक्षमाथि गोली हानी हत्या गरेका छन् भने सो भोजमा सहभागी भएकाहरुमाथि पनि प्रहरसिंगै रहेका करिब पाँच जनाको समूहले गोली, लाठी र खुकुरीसमेत प्रहार गरेको स्थानीयसमेत रहेका घाइते मकेश्वर यादवले जनाएका छन् ।

सो भोजमा सहभागी भएका स्थानीय धर्मनाथ यादवसंग एकजनाको विवाद भएको थियो । सोही क्रममा झगडा मिलाउन गएकाहरुमाथि प्रहरी शम्भु यादवको अगुवाइमा रहेको समूहले हातहतियारसमेत प्रयोग गरी घटना घटाएको उनले बताए ।

यता अभियुक्त प्रहरी जवान शम्भु यादवलाई धनुषा प्रहरीले हिरासतमा लिएको जनाएको छ।

धनुषा प्रहरीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक गणेशबहादुर बमले वडाध्यक्षको मृत्यु भएको र दुईजना घाइते भएको जानकारी दिए ।

घटनापछि स्थानीयले वडाध्यक्ष यादवसहित अन्य घाइतेलाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर पुऱ्याएका थिए । सो क्रममा वडाध्यक्ष यादवलाई चिकित्सकले मृत घोषणा गरेको थियो ।

यादव स्वतन्त्र रूपमा वडाध्यक्षमा निर्वाचित भएका थिए ।

### मधेश प्रदेश सभा भवनमा असुरक्षा

# निवास छाडे उपसभामुख, लुकेर काम गर्दै सचिव

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सभा परिसर असुरक्षित बनेको छ । परिसरको आवासमा बस्दै आएकी उपसभामुख बबिता राउत इसरले आफू असुरक्षित भएको बताउँदै शुक्रबार आवास छाडेकी छन् ।

भारी संख्यामा नेपाल प्रहरी र सशस्त्र प्रहरीको तैनाथ रहेको मधेश प्रदेश भवनमा सभामुख रामचन्द्र मण्डलबाट असुरक्षित भएको उनले बताएकी छन् ।

मधेश प्रदेश सभा सचिवालयमा बिहीबार सभामुख मण्डलले झण्डै दुई दर्जन सांसदलाई बन्दी बनाएर केहीमाथि हातपात समेत गरेको आरोप लागेको छ । सभामुख मण्डल स्वयंले जनमत पार्टी संसदीय दलका नेता महेश प्रसाद यादवको कठालो समातेको प्रत्यक्षदर्शीहरुले जनाएका छन् ।

मधेश प्रदेश सभाका पाँच जना सांसदलाई पदमुक्त गरिएको छ । लगातार १० वटा बैठकमा अनुपस्थित रहेको अभियोग लगाउँदै निलम्बन गरिएका सांसदहरुलाई भने हाजिरी प्रमाणित प्रदेश सभाले उपलब्ध गराएको छैन ।

निलम्बनमा परेका पूर्वअर्थमन्त्री सञ्जय यादवले बिहान ११ बजे निमित्त सचिव होमनाथ पहाडीलाई आवेदन दिएको र उनले हाजिरी प्रमाणित उपलब्ध गराउने भन्दै गएको झण्डै २ घण्टापछि फर्केर आउँदा छाप लगाएर मात्र दिने भन्दै फेरि गएदेखि साँझसम्म नफर्केको बताएका छन् ।

'प्रदेश सभा सचिव बासु कोइराला मोबाइलको स्वीच अफ गरी लुकेर बसेका छन्' उनले भने, निमित्त सचिव पहाडी पनि मोबाइलको स्वीच अफ गरी हराए ।

मधेश प्रदेश सभाले शुक्रबार राजपत्रमा सूचना प्रकाशित गरी जनता समाजवादी पार्टी(जसपा) नेपालका मनिष कुमार सुमन, सञ्जय कुमार यादव, सिंहासन सा कलवार, शारदा शंकर प्रसाद कलवार र नागरिक उन्मुक्ति पार्टीकी उर्मिला सिंहलाई पदमुक्त गरिएको छ । उनीहरुलाई कार्तिक २७ गतेको मितिदेखि नै लागू हुने गरी पदमुक्त गरिएको राजपत्रमा उल्लेख छ ।

तर त्यस अगावै प्रदेश सभामुख मण्डलमाथि महाअभियोग दर्ता गरिएकोले त्यो बदर भागी रहेको बताउँदै उपसभामुख इसरले बिहीबार राति नै विज्ञप्ति जारी गर्दै निर्णय रद्द गरिएको जनाएकी छन् ।

बिहीबार मध्यरातसम्म आरोप प्रत्यारोप भइरहे पनि शुक्रबार सचिव कोइरालाले राजपत्रमा सूचना प्रकाशित गरी पदमुक्त गरिएका सांसदहरुको कारबाहीलाई आधिकारिकता दिने प्रयास गरेपछि आक्रोश बढेको छ ।

प्रदेश सभाका सभामुख उपर महाअभियोग दर्ता भइसकेकोले त्यसको छलफलका लागि उपसभामुखले बैठक डाक्ने कानुनविद्हरुले बताएका छन् ।

तर सभामुख मण्डलले प्रदेश सभामा कब्जा जमाएका छन् । महाअभियोग लगाएकाहरुलाई बन्धक बनाएर हातपात गरेपछि उपसभामुख समेत निरीह



देखिएको बताइन्छ । सभामुख मण्डललाई हटाउन चाहिने दुई तिहाई प्रदेश सभा सांसदहरुको भन्दा बढी संख्या सात दलीय गठबन्धनसित रहेको छ ।

तर महाअभियोग प्रस्तावलाई छलफलमा लैजान सात दलीय गठबन्धनका लागि ठूलो चुनौती देखिएको छ । सात दलीय गठबन्धनले प्रदेश प्रमुख डा.सुरेन्द्र लाभलाई समेत प्रदेशसभाको बैठकका लागि सहजीकरण गरिदिन गुहारेका छन् ।

तर प्रदेश सभामा प्रदेश प्रमुखको भूमिका रहने कानुनी प्रावधान नरहेकोले सात दलीय गठबन्धन संघीय सरकारबाट सुरक्षा खोजेको छ ।

सात दलीय गठबन्धनले शुक्रबार साँझ जारी गरेको विज्ञप्तिमा सांसदहरुलाई निलम्बन गर्ने कार्यलाई कानुन बमोजिम सभामुख मण्डलले नसच्याए त्यसको कडा परिणाम हुने चेतावनी दिएको छ । कारबाहीमा परेका सभामुखले प्रदेश सभालाई मुठभेडको अवस्थामा लान खोजेको आरोप लगाउँदै सात दलीय गठन्धनले त्यसको परिणामको जिम्मेवारीपनि उनले नै लिनुपर्ने बताएको छ ।

तत्कालीन मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनलले कार्तिक २२ गते विश्वासको मत लिन बोलाइएको प्रदेशसभा बैठकमा प्रदेशका दुई जना बाहेक सबै सांसदहरु उपस्थित थिए । पदमुक्त गरिएको भनिएका सांसदहरुलाई हाजिरी प्रमाणित नदिइ सचिवहरु लुकेर गैरकानुनी कार्यहरु गरिरहेको आरोप लगाइएको छ ।

मधेश प्रदेशका मुख्यमन्त्री नियुक्तिको मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेको छ । आइतबार सर्वोच्च अदालतमा सो मुद्दाको पेशी तोकिएको छ ।

प्रदेश सभाको मुख्य सचिव कोइराला अवकाश प्राप्त कर्मचारी हुन् । उनी धनुषा जिल्ला मालपोत कार्यालयका प्रमुख रहेको बेला गुठी लगायत अन्य थुप्रै जग्गाको अवैध पुर्जा बनाएर करोडौं कमाएको आरोप लागेको थियो ।

कोइरालालाई सभामुख मण्डलले करारमा सचिव नियुक्त गरेका छन् । सभामुख फेरिए उनी पनि हट्ने निश्चित रहेकाले गैरकानुनी कार्यहरु गरिरहेको आरोप पदमुक्त भएका सांसदहरुले लगाएका छन् ।

## 'सभामुखको कुण्ठित मनसायले पदमुक्त गरियो'

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सभा सचिवालयबाट पदमुक्त गरिएका संजय यादवले सभामुख रामचन्द्र मण्डलले संविधान र कानुन विपरीत कार्य गरेको आरोप लगाएका छन् ।



उनले सभामुख रामचन्द्र मण्डलप्रति इंगित गर्दै सभामुखको कार्यशैली आपराधिक प्रवृत्तिको रहेको आरोप लगाए ।

उनीसहित पाँच जना प्रदेश सभा सदस्यहरु पदमुक्त गरिएको खबर बाहिरिएपछि के कति कारणले आफूलाई पदमुक्त गरिएको भनी सूचनाको हक प्रयोग गरी दिएको निवेदनप्रति प्रदेश सभा सचिवालयले सूचना नदिएपछि पत्रकार सम्मेलन आयोजना गरेका थिए ।

यादवले भने, 'आफू ११ बजेतिर नै प्रदेश सभामा सूचना माग्न आएका थियौं । सचिव होमनाथ पहाडीले ५ मिनेट ५ मिनेट दिन्छु मात्र होइन तयार भइसकेको छ छाप लाग्दै भन्दै दिउँसो ४ बजेसम्म कुराए पछि उहाँ कार्यालय छाडेर भागेको छ ।'

सभामुख मण्डलले प्रदेश सभालाई दलीय कार्यालयको रुपमा संचालन गर्न खोजेको आरोप लगाउँदै उनले आफूहरुमाथि भएको अन्याय विरुद्ध संवैधानिक र कानूनी निकासका लागि अदालतसम्म जाने बताए ।

यादवले भने, 'आफू असोज २८ गते तात्कालिन मुख्यमन्त्री सतिश सिंहको विश्वासको मत लिने बसेको बैठक र पछिल्लो पटक निवर्तमान मुख्यमन्त्री मुख्यमन्त्री जितेन्द्र सोनलले विश्वासको मत लिने दिन कार्तिक २२ गते प्रदेश सभामा उपस्थित थिए जसको दृश्यसहित कागजी रजिष्टर अभिलेखसमेत रहेको अवस्थामा अनुपस्थित कसरी भए ।'

उनले थप्दै भने, 'सभामुखले गरेको यो निर्णय आफूमाथि दर्ता गराइएको महाभियोग प्रस्तावको आवेशमा कुण्ठित मनसायले गरिएको निर्णय हो । यसले संघीयता र संविधानलाई समाप्त पार्न चालिएको कदम हो । हामी जनताबाट जितेर आएका प्रतिनिधिहरु हौं, न्यायका लागि जनतामा समेत जानेछौं ।'

बिहीबार प्रदेश सभाका मुख्य सचिव बासुप्रसाद कोइराला नागरिक उनमुक्ति पार्टीकी सांसद सिंह, यादव, जसपाका सांसदहरु मनिषकुमार सुमन, सप्तरी, सिंहासन सा कलवार र सारदा शंकरप्रसाद कलवारलाई लगातार १० वटा बैठकमा अनुपस्थित भएको भनी पदमुक्त गरेका थिए ।

पदमुक्त गरिएको सूचना प्रकाशन लगतै उपसभामुख बबिताकुमारी राउत ईशरले त्यसको प्रतिवाद गर्दै कारबाही बदर भएको सूचना निकालेकी थिइन् ।







# अनलाइन ठगी प्रकरणमा तीनजना पक्राउ



टुडे समाचारदाता

वीरगञ्ज । अनलाइन ठगी प्रकरणमा संलग्न एक नाबालकसहित तीन जनालाई जिल्ला प्रहरी कार्यालय पर्साले सार्वजनिक गरेको छ।

वीरगञ्जमा शुक्रबार अनलाइन ठगी प्रकरणमा संलग्न आरोपमा पर्साको वीरगञ्ज मनपा-२९ मुसैलीका ३५ वर्षीय कृष्णा प्रसाद, बारा विश्रामपुर गाउँपालका-१ का २१ वर्षीय राहुल मण्डल र एक १४ वर्षीय नाबालक छन् । उनीहरुले विभिन्न बैंकहरूको 'मनी मोल एकाउन्ट' खोलाइ उक्त खाताहरूमा सोशल मिडिया प्लाटफर्ममार्फत फेक अनलाइन ठगी र एआईको माध्यमबाट पनि विभिन्न कम्पनीहरुको आवश्यक पर्ने कागजातहरु बनाइ सामानहरुको अर्डर बिल बनाइ ठगी गर्ने गरेको पाइएको पर्सा प्रहरीले जनाएको छ।

वीरगञ्ज महानगरपालिका-८ स्थित सडक खण्डबाट सर्वसाधारणलाई विभिन्न प्रलोभनमा पारी ठगी गर्नेहरुलाई पर्सा प्रहरीले पक्राउ गरेको छ।

अरोपितहरुले विभिन्न व्यक्तिहरुको बैंक खाता र डिजिटल वालेटको प्रयोग गरी करिब १० करोड रुपैयाँभन्दा बढी अवैध कारोबार गरेको पनि पाइएको छ। उनीहरुबाट विभिन्न बैंकका ४३ थान एटिएम कार्डसमेत बरामद भएको जनाइएको छ । उनीहरुविरुद्ध बैंकिङ कसुर मुद्दामा पर्सा जिल्ला अदालतबाट तीन दिन म्याद थप अनुमति लिइ थप अनुसन्धान कार्य भइरहेको पर्सा प्रहरीका प्रवक्ता डीएसपी हरिबहादुर बस्नेतले जानकारी दिए।

# मुख्यमन्त्री विरुद्ध प्रदर्शन

टुडे समाचारदाता

जलेश्वर। असंवैधानिक प्रक्रियाबाट मुख्यमन्त्री सरोजकुमार यादवलाई नियुक्त गरिएको भन्दै सात दलीय गठबन्धनले जलेश्वरमा प्रदर्शन गरेको छ।

जलेश्वरमा शुक्रबार मुख्यमन्त्री यादवविरुद्ध सात दलीय गठबन्धनका नेता तथा कार्यकर्ताले जलेश्वरको नगर प्रदर्शन गरेका छन् ।

बर्दिबासको एक होटलमा निवर्तमान प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले पार्टीगत हिसाबले सरोजकुमार यादवलाई मुख्यमन्त्री बनाएपछि उनको नियुक्ति तत्काल खारेज गर्नुपर्ने माग गर्दै सात दलीय गठबन्धनले विरोध प्रदर्शन गरेका छन्।




# विद्यालयमा तालाबन्दी, अभिभावक-जनप्रतिनिधि आन्दोलित

सञ्जय मिश्रा

रौतहट । रौतहटको कटहरिया नगरपालिकाको फतेपुरस्थित आधार भूत विद्यालयमा तदर्थ समिति गठन सम्बन्धी विवाद हुँदा विद्यालयमा तालाबन्दी गरिएको छ।

मेयर अजय प्रकाश जैसवालको निर्देशनमा 'अभिभावक नै नभएको व्यक्तिलाई' अध्यक्ष बनाएर तदर्थ समिति गठन गरिएको भन्दै आक्रोसित अभिभावक र स्थानीयले विद्यालयमा तालाबन्दी गरेका छन्।

नगर शिक्षा समितिको बैठकका आधारमा निमित्त प्रमुख प्रशासकीय अधिकृत रामनरेश यादवको हस्ताक्षर रहेको निर्णय पत्र लिएर अध्यक्ष तोकिएका उमेश कुमार सहनीसहितको टोली विद्यालय पुगेपछि विवाद चर्किएको हो । सहनीको अध्यक्षतामा बनाइएको ४ सदस्यीय समितिमा सुनिल कुमार महतो, चुलहाई महरा चमार र अञ्जु कुमारी साह सदस्य छन्।

तर वडा ६ का अध्यक्ष जयराम चौधरी, अभिभावक तथा युवा समाजका प्रतिनिधि अञ्जित कुशवाहालगायत स्थानीयले 'मेयरको मनपरी' भन्दै विद्यालय परिसरमै आकस्मिक छलफल गरेका थिए। उनीहरूले दर्ता पुस्तिका खोसेर प्रधानाध्यापक पवन चौधरीलाई कक्षाबाहिर निकाल्दै कार्यकक्षमा तालाबन्दी गरेका हुन्।





भोली अभिभावक-स्थानीय भेला, नयाँ समिति गठनतर्फ कदम अभिभावक तथा वडा अध्यक्ष चौधरीबीच सहमति अनुसार शनिबार विद्यालयमै स्थानीय जनप्रतिनिधि, अभिभावक, राजनीतिक दलका प्रतिनिधि तथा भद्रभलादमीको सर्वपक्षीय भेला बस्ने तय भएको छ। त्यहींबाट 'सहमति आधारित' नयाँ तदर्थ समिति गठन गर्ने तयारी भएको कुशवाहाले जानकारी दिए।

वडाध्यक्ष जयराम चौधरीले "आफ्नै वडाको विद्यालयमा अभिभावक र जनप्रतिनिधिलाई जानकारी नै नदिई मेयरले आफूखुसी समिति थोपर्न खोजेको निर्णय स्वीकार्य हुँदैन," भन्दै आपत्ति जनाए।

कटहरिया नगरपालिकाका दैनिक ज्यालादारी र करार कर्मचारीको तलब मागसहितको तालाबन्दी २४ गते मात्र खुला भएको थियो । यता वडा अध्यक्ष चौधरी भने "तालाबन्दी भइरहँदा २० गते नगर शिक्षा समितिको बैठक कहाँ र कसरी बस्यो? २१ गते नै पत्र कसरी तयार भयो?" भन्दै प्रश्न उठाएका छन्।

नगर शिक्षा संयोजक सुरेन्द्र ठाकुरले संघीय शिक्षा ऐन नआएकाले पुरानै प्रावधानअनुसार ६ महिनाका लागि तदर्थ समिति बनाइएको बताउँदै, "तालाबन्दीका कारण बैठक अन्यत्र बस्न सक्छ । भोलिको अभिभावक भेलामा सहभागी भइ सबै पक्षले स्वीकार गर्ने समाधान निकालिन्छ," भन्दै प्रतिवद्धता जनाएका छन्।

फतेपुर विद्यालयमा तदर्थ समिति विवाद बढ्दै गएपछि अब ध्यानमा राखेर शनिबार सर्वपक्षीय भेलाले निकालेको निर्णयतर्फ केन्द्रित भएको छ।

कटहरिया नगरपालिकामा नेपाली कांग्रेसको टिकटमा अजय प्रकाश जैसवाल मेयर पदमा निर्वाचित भए देखिनै नगरको शिक्षालाई भाँडभैलो बनाए । मनपरी तरिकाले विद्यालयहरुमा प्रधानाध्यापक नियुक्ति देखी सरुवा गर्नुका साथै बिद्यालय तदर्थ समिति गठन, असक्षमहरुलाई शिक्षकको रूपमा भर्ना गर्दै आएको स्थानिय जनप्रतिनिधिहरुले गुनासो गर्दै आएका छन् । उता मेयर जैसवालले सबै आरोपको खण्डन गर्दै आफूले नियमसंगत काम गरिरहेको तर्क राखेका छन्।

# लागूऔषध गाँजासहित दुई युवक पक्राउ



टुडे समाचारदाता

जलेश्वर। महोत्तरीको औरही नगरपालिकाबाट लागूऔषध गाजासहित दुई जनालाई पक्राउ गरिएको छ। जिल्ला प्रहरी कार्यालय महोत्तरीको अनुसार औरही नगरपालिका-१ स्थित औरही चोकमा प्रहरीले चेकजाँचका क्रममा लागूऔषध गाजासहित दुईजनालाई पक्राउ गरिएको छ।

महोत्तरी प्रहरीले उत्तरबाट दक्षिणतर्फ आइरहेको बिआर ३० ए ०६०८ नम्बरको मोटरसाइकल चेकजाँच गर्ने क्रममा १० केजी गाँजा फेला परेको जनाएको छ।

पक्राउ पर्नेमा मोटरसाइकल चालक भारतको बिहार प्रान्तस्थित वैशालीका २७ वर्षीय गोविन्द राम र पछाडि सवार २१ वर्षीय एकवाल मोहम्मद रहेका छन्। उनीहरूले बोकेको कालो झोलाभित्र प्लास्टिक र डोरीले कसेर लुकाइ राखिएको अवस्थामा दुई पोका गाँजा भेटिएपछि प्रहरीले तत्काल दुवैलाई नियन्त्रणमा लिएको महोत्तरी प्रहरीले जनाएको छ।

बरामद गरिएको गाँजा र पक्राउ परेका व्यक्तिहरूलाई थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय गौशालाको हिरासतमा राखिएको छ।

# विकट क्षेत्रमा धमाधम दूरसञ्चार सेवा विस्तार

काठमाण्डु । नेपाल टेलिकमले ग्रामीण क्षेत्रहरूमा धमाधम दूरसञ्चारको पहुँच विस्तार गरिरहेको छ। सुदूरपश्चिम, कर्णाली र मधेस प्रदेशका विकट क्षेत्रमा टेलिकमको टेनवर्क विस्तार तथा फोरजी सेवाको पहुँच अभिवृद्धि भएको हो। दुर्गम क्षेत्रमा दूरसञ्चारको पहुँच विस्तारमा अघि बढेको टेलिकमले एकपछि अर्को विकट क्षेत्रमा दूरसञ्चार पहुँच विस्तार गर्दै लगिरहेको छ।

हालै बाजुराको बुढीनन्द गाउँपालिकामा उच्च गतिको फोरजी इन्टरनेट सेवा सुरु भएको छ। नेपाल टेलिकमले गाउँपालिकाको वडा नं ७ मा नयाँ फोरजी एलटीइ टावर जडान गरी सेवा सञ्चालनमा ल्याएको हो। स्थानीय नरेन्द्र महतका अनुसार टेलिकमको टावरबाट बुढीनन्दका वडा नं ७, ८, ९ र १० का बासिन्दा प्रत्यक्ष लाभान्वित हुनेछन्।

यता डोल्पाको ठूलीभेरी नगरपालिका र से-फोक्सुन्डो गाउँपालिकाका विभिन्न बस्ती सञ्चारको पहुँचमा जोडिएका छन्। दूरसञ्चार कार्यालय डोल्पाका प्राविधिक नवराज भट्टराईले वडा नं १० को मिदग्ती लेकमा निर्माण गरिएको नेपाल टेलिकमको इन्टरनेटसहितको फोरजी टावर बिहीबारदेखि सञ्चालनमा आएको जानकारी दिनुभयो। रासस

# टेलिकमको बिलिङ टेन्डर प्रक्रिया अन्योलमा

काठमाण्डु। नेपाल टेलिकमले नयाँ बिलिङ प्रणालीका लागि खुलाएको बोलपत्र प्रक्रिया अन्तिम चरणमा आएर विशेष अवस्थाका कारण भन्दै गत असोज ९ गते स्थगित ग-यो। कम्पनीले बोलपत्र आह्वानका क्रममा आवेदकहरुको प्राविधिक मूल्याङ्कन पूरा गरेर आर्थिक प्रस्तावको प्रक्रिया अगाडि बढाइसकेपछि स्थगित गरेको हो।

टेलिकमले गत भदौ ९ गते बिलिङ प्रणालीको 'टेन्डर' प्रक्रियामा भाग लिएकामध्ये चिनियाँ कम्पनी हुवावे टेक्नोलोजिज कम्पनी लिमिटेड प्राविधिक मूल्याङ्कनमा पर्याप्त आधारसहित छनोट भएको सूचना प्रकाशित नै गरिसकेको थियो। उक्त सूचनामा प्राविधिक मूल्याङ्कनमा छनोट भएको एकमात्रै कम्पनीको आर्थिक प्रस्ताव असोज २ ९ गते दिउँसो १ बजे खोल्नेसमेत उल्लेख थियो।

टेलिकमले भने यही कात्तिक ७ गते नयाँ सूचना जारी गरी बोलपत्र आह्वान प्रक्रिया अर्को सूचना नभएसम्मका लागि स्थगित भएको जानकारी गरायो । उक्त सूचनामा टेलिकमले आर्थिक प्रस्ताव खोल्ने नयाँ मिति, समय र स्थानका लागि अर्को सूचना प्रकाशित गरिनेसमेत उल्लेख ग-यो।

टेलिकमले उक्त सूचना प्रकाशित गरेपछि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले यही कात्तिक १३ गते बिलिङ प्रणालीको टेन्डर प्रक्रियाका सम्बन्धमा अध्ययन गर्न पूर्वसचिव मणिराम गेलालको नेतृत्वमा सात सदस्यीय एक समिति नै गठन ग-यो । यी सबै घटनाक्रमले टेलिकम कम्पनीको बिलिङ टेन्डर प्रक्रिया अहिले रोकिएको छ।

हाल नेपाल टेलिकमको बिलिङ प्रणालीको काम चिनियाँ कम्पनी एशिया इन्फोले गरिरहेको छ। कम्पनीले सन् २०११ डिसेम्बरमा १० वर्षका लागि ठेक्का पाएको थियो । सन् २०२१ मा कम्पनीको एक वर्षका लागि म्याद थप गरियो भने सन् २०२२ मा पुनःपाँच वर्षका लागि कम्पनीको म्याद थप भयो । हालको अवस्थामा एसिया इन्फोको समयसीमा सन् २०२७ सेप्टेम्बरसम्म छ। उक्त समय सकिनुअघि नै टेन्डर प्रक्रिया पूरा गरी नयाँ कम्पनी छनोट गरिसक्नुपर्नेछ। यदि उक्त समयअगावै टेन्डर प्रक्रिया पूरा नभए पुनःएसिया इन्फोकै म्याद थप्नुको विकल्प नभएको जानकार बताउँछन्।

नेपाल टेलिकमका निमित्त प्रबन्ध निर्देशक सविना मास्के प्रधानका अनुसार पछिल्लो समय टेन्डर प्रक्रिया रोकिँदा काम गर्न समस्या भएको छ । उहाँका अनुसार बिलिङ टेन्डर प्रक्रियामा नयाँ कम्पनीलाई दिनका लागि कम्तीमा २४ महिना अगाडि टुङ्गो लाग्नुपर्छ । "२४ महिना अगाडि नै कम्पनी छनोट भएको अवस्थामा डाटा माइग्रेसनलगायतका कामका लागि सहज हुन्छ, तर हामीसँग अब २२ महिनाको समय छ, ठेक्का प्रक्रिया जति ढिला हुन्छ, त्यति नै गाह्रो हुन्छ", उहाँले भन्नुभयो।

### के हो विषय ?

नेपाल टेलिकमले बिलिङ प्रणालीका लागि सन् २०२४ को मार्चमा पहिलोपटक टेन्डर आह्वान गऱ्यो । उक्त टेन्डर प्रक्रियामा अमेरिकी कम्पनी सिएसजी इन्टरनेसनलले मात्र भाग लियो। उक्त कम्पनी प्राविधिक मूल्याङ्कनमै बाहिरियो र टेन्डर रद्द भयो।

त्यसपछि टेलिकमको बिलिङ प्रणालीमा काम गरिरहेका विश्वका शीर्ष कम्पनीहरु हुवावे, ह्वेल क्लाउड, सिएसजी, ओराकल, एमडक्स र नेटक्र्याकरसँग टेलिकम कम्पनीले बिजनस सपोर्ट सोलुसन र लागतबारे बुझ्न प्रस्ताव माग गरेको थियो।

यीमध्ये अमेरिकी र युरोपेली कम्पनीहरूले बजेट अपर्याप्त भनेपछि टेलिकमले सम्भावित बिडरहरूसँग सम्भावित बजेटसहितको 'कोटेसन' माग्यो । यद्यपि नेपाल टेलिकमले सर्वोच्च अदालतको आदेश देखाउँदै लागत नबढ्ने गरी पुरानै बजेटमा सन् २०२५ को मार्चमा बिलिङ प्रणालीका लागि पुनःटेन्डर आह्वान गऱ्यो । टेलिकमले पुरानै मूल्यमा बोलपत्र आह्वान गरेपछि अमेरिकी र युरोपियन कम्पनीहरुले भाग लिएनन् भने हुवावे र ह्वेल क्लाउडले मात्रै भाग लिए।




प्राविधिक मूल्याङ्कनका क्रममा टेलिकमले विज्ञहरूको टेन्डर मूल्याङ्कन समिति गठन गरेको थियो, जसले तीन महिना लगाएर मूल्याङ्कन गऱ्यो। टेलिकमले आवेदन दिएका दुई कम्पनीमध्ये प्राविधिक योग्यताका लागि पर्याप्त आधार भएको उल्लेख गर्दै हुवावेलाई छनोट गऱ्यो।

खरिद कानुनअनुसार प्रविधिक प्रक्रियामा पास भएपछि छनोट भएको कम्पनीको आर्थिक पक्ष खोल्नुपर्ने हुन्छ। यदि आर्थिक प्रस्तावमा पनि उक्त कम्पनी योग्य ठहर भयो भने ठेक्का उसैलाई दिइन्छ । तर आर्थिक प्रस्ताव नखोली प्रक्रिया स्थगित भएको सूचना टेलिकमले जारी गरेपछि अहिले सम्पूर्ण प्रक्रिया अनिश्चित बनेको छ।

### सर्वोच्चको आदेश

बिलिङ टेन्डर प्रक्रिया सुरु भएपछि २०८१ जेठ २० गते सर्वोच्च अदातलमा नेटवर्कमा काम गरिरहेकै कम्पनीलाई बिलिङ प्रणालीको काम गराउँदा स्वार्थ बाझिने भन्दै रिट दायर भयो।

उक्त रिटमा सुनुवाइ गर्दै न्यायाधीशद्वय डा नहकुल सुवेदी र महेश शर्मा पौडेलको संयुक्त इजलासले बिलिङ प्रणालीको उत्पादक वा बिक्रेता कम्पनीको मुख्य सञ्चार प्रणाली (नेटवर्क) अन्तर्गत रहनुपर्ने व्यक्तिको वैयक्तिक सूचना तथा तथ्याङ्कमा पहुँच नपुग्ने अवस्थाको सुनिश्चितता गर्दै खरिद प्रक्रियामा स्वार्थको द्वन्द्व नहुने अवस्थाको सुनिश्चितता गर्न आदेश दिएको थियो।

यस विषयमा नेपाल टेलिकमका प्रवक्ता रविन्द्र मानन्धरले आफूहरुले सर्वोच्च अदालतको आदेशअनुसार नै ठेक्का प्रक्रिया अगाडि बढाएको बताउनुभयो । उहाँले मन्त्रालयले गठन गरेको छानबिन समितिका विषयमा आफूलाई धेरै जानकारी नभए पनि सर्वोच्च अदालतले गरेको फैसलाअनुसार नै प्रक्रिया अगाडि बढाएको बताउनुभयो।

"सर्वोच्च अदालतले फैसलामा व्यक्तिको वैयक्तिक सूचना तथा तथ्याङ्कमा पहुँच नपुग्ने अवस्थाको सुनिश्चितता तथा यससम्बन्धी खरिद प्रक्रियामा स्वार्थको द्वन्द्व नहुने अवस्थाको सुनिश्चित गर्नु भनेको थियो", उहाँले भन्नुभयो, "प्राविधिक रुपमा हेर्दा मोबाइल स्वीचिङ सेन्टर (एमएससी) नोड र बिलिङ प्रणालीबीच प्रोभिङ टुल्स हुने भएकाले गोपनीयतामा कुनै समस्या हुँदैन।"

त्यसैगरी हाल बिलिङको काम गरिरहेको एसिया इन्फोले पुरानो प्रविधि प्रयोग गरिरहेका कारण पटकपटक समस्या आइरहेको जनगुनासो पनि छ। उक्त विषयमा प्रवक्ता मानन्धरले पुरानो प्रविधिका कारणले मात्रै नभई कहिलेकाहीँ अन्य कारणले पनि समस्या आउने गरेको बताउनुहुन्छ। "टेलिकमको सेवा अवरुद्ध बिलिङ प्रणालीको पुरानो प्रविधिको कारण मात्रै हो भन्ने होइन, कहिलेकाहीँ ऊर्जा त कहिले लिङ्क टुट्दा पनि उक्त समस्या आउने गरेको छ, एउटा मात्रै कारण नहुनसक्छ।"

### छानबिन समिति

सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलका निजी सचिव राकेश गुरुङले बिलिङ प्रणालीको ठेक्कासम्बन्धी छानिबन गर्न मन्त्रालयबाट गठित समितिले काम भइरहेको प्रतिक्रिया दिनुभयो।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले यही कात्तिक १३ गते टेलिकमको बिलिङ प्रणालीका सम्बन्धमा छानबिन गर्न एक समिति गठन गरेको छ। मन्त्रालयले टेलिकमको बिलिङ प्रणालीसम्बन्धी खरिद प्रक्रियाका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्रसाथ प्राप्त उजुरीलगायत सम्बन्धमा छानबिन गर्न समिति गठन गरेको थियो। उक्त समितिले १५ दिनको समय प्राप्त गरेको थियो।

छानबिन समितिमा पूर्वसचिव गेलालसँगै, सहसचिव गौरव गिरी, सहसचिव आदेश खड्का, सहसचिव कृष्ण पन्त, दूरसञ्चार प्राधिकरणका उपनिर्देशक प्रदीप पौडेल, नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका प्रबन्धक कमल लामिछाने र कानुन मन्त्रालयका उपसचिव राजेश थापा छन् ।रासस


## ज्योतिष-मार्गदर्शन




प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | छोराछोरीबाट सन्तोष प्राप्त हुनेछ। |
| वृष : | शरीर फुर्तिलो भएको महसुस हुनेछ । धनागमको संकेत छ। |
| मिथुन : | नयाँ काम सुरु गर्ने समय छ। व्यापारमा मनग्ये धनलाभ हुनेछ। |
| कर्कट : | आम्दानी बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ। |
| सिंह : | आजको दिन हाँसखेल र मनोरञ्जनपूर्ण समय हो। |
| कन्या : | परिश्रमको प्रतिफल ढिलो गरी प्राप्त हुनेछ। |
| तुला : | मनमा उत्साह र उमङ्गको कमी देखिनेछ। |
| वृश्चिक : | हाकिम, मातापिता वा विशिष्ट व्यक्तिको विचारले प्रभावित तुल्याउन सक्छ। |
| धनु : | परिवारजनको साथले नयाँ आशा पलाउनेछ। |
| मकर : | संकटको सामना गर्दै उपलब्धी हासिल गर्नुपर्नेछ। |
| कुम्भ: | ठुलो लाभ लिन नसकिए पनि व्यावसायिक यात्राको सम्भावना छ। |
| मीन : | तर्क, विवाद र प्रतिस्पर्धामा पकड भएको राम्रो दिन छ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



पोखरा महानगरपालिका-१४ मझेरीपाटनस्थित बिजुलीको तारमा बसेका जुरेली चराको जोडी । *तस्बिर : रासस*

# नेसपा, प्रगतिशील राष्ट्रिय अभियान र सन्तोष परियारबीच पाँच बुँदे सहमति

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) परित्याग गर्नुभएका नेता सन्तोष परियारले नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) र प्रगतिशील राष्ट्रिय अभियानसँग पाँच बुँदे सहमति गर्नुभएको छ ।



आगामी मङ्सिर ७ गते बृहत् एकता घोषणा कार्यक्रम गर्नेगरी रास्वपाका निवर्तमान प्रमुख सचेतक परियारले सहमति गर्नुभएको हो ।

नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)का संयोजक दुर्गा सोब र प्रगतिशील राष्ट्रिय अभियानका संयोजक सुदन किराती र नेता परियारले हस्ताक्षर गर्नुभएको सहमतिपत्रमा भनिएको छ, "एकता तथा ध्रुवीकरणका लागि नयाँ बन्ने एकीकृत पार्टीको नाम र चुनाव चिह्न एउटै बनाउन सहमति जनाउँदछौँ, देश तथा विदेशमा बस्ने प्रगतिशील, लोकतान्त्रिक, वामपन्थी र देशभक्त शक्तिहरू र विशेषगरी जेनजी पुस्तालाई बृहत् राजनीतिक पुनर्संरचनाको अभियानमा सहभागी हुन आह्वान गर्दछौँ ।"

सहमतिपत्रमार्फत उहाँहरूले भ्रष्ट, अनैतिक र अहंकारी प्रवृत्तिहरूलाई निर्वाचनबाटै परास्त गर्न सम्पूर्ण नयाँ तथा वैकल्पिक शक्तिहरू र नवयुवाहरूलाई हातेमालो गर्न पनि अपिल गर्नुभएको छ ।

उहाँहरूले भन्नुभएको छ, "विभिन्न कालखण्डमा नेपाली जनताले नेतृत्व गरेका सबैखाले मुक्ति आन्दोलनदेखि पछिल्लो जेनजी आन्दोलनसम्मका महान् सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ, घाइते, बेपत्ता योद्धाहरूप्रति उच्च सम्मान गर्दै उहाँहरूको सपनालाई पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्दछौँ ।"रासस

# 'तथाकथित पत्रकारिता मुख्य चुनौती हो'



काठमाण्डु । पछिल्लो समय पत्रकारिता क्षेत्रमा देखिएका विकृति र विसङ्गतिका कारण पत्रकारितामाथिको विश्वसनीयता घट्दै गएको सरोकार भएकाहरूको भनाइ छ ।

नेपाल पत्रकार महासङ्घद्वारा शुक्रबार आयाजित 'लोकतन्त्रको सुदृढीकरणः नागरिक सरोकार, संलग्नता र जवाफदेहिता' विषयक कार्यशाला गोष्ठीमा वरिष्ठ पत्रकार एवं महासङ्घका पूर्वअध्यक्षहरूले पत्रकारितामाथिको गुम्दो जनविश्वास बढाउन जिम्मेवार भई पत्रकारिता गर्न सुझाव दिनुभयो । 'डिजिटल मिडिया', सङ्कुचित बन्दै गएको बजार र राजनीतिक दलको प्रभावले पत्रकारिताको विश्वसनीयता घट्दै गएको उहाँहरूको बुझाइ छ ।

पूर्वअध्यक्षहरू किशोर नेपाल, तारानाथ दाहाल, विष्णु निष्ठुरी र वर्तमान अध्यक्ष निर्मला शर्माले पत्रकारिताको विश्वसनीयतामा बहस गर्नुभयो । कार्यक्रममा राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा सुरेशप्रसाद आचार्यले सूचनाका माध्यम र पत्रकारितालाई फरक फरक रूपमा बुझ्न सके विश्वसनीयता कायम राख्न मद्दत पुग्ने धारणा राख्नुभयो । "हाल तथाकथित पत्रकारिता, तथाकथित नागरिक पत्रकारिता र भ्रामक सूचनाको चुनौती छ", उहाँले भन्नुभयो, "हाम्रा धेरै पत्रकार साथीहरू 'पोडकास्ट'मा जोडिन थाल्नुभएको छ, तर पत्रकारिता गर्दाको नैतिकतालाई बिर्सेर सञ्चालन गर्दा त्यसको नकारात्मक प्रभाव देखिन थालेका छन् ।"

महासङ्घका पूर्वअध्यक्षसमेत रहनुभएका डा आचार्यले पत्रकारिताका सिद्धान्त र आचारसंहिता सामाजिक सञ्जालमा अभ्यास नहुने भन्दै त्यसले समग्र पत्रकारिता क्षेत्रको विश्वसनीयता घटेको जिकिर गर्नुभयो । महासङ्घका पूर्वअध्यक्ष नेपालले पत्रकारहरू राजनीतिक दल एवं नेताको प्रभाव र दबाबमा पर्ने गरेको गुनासो गर्नुभयो । पत्रकार अध्ययनशील बन्नुपर्ने र निष्पक्ष पत्रकारिताको अभ्यासबाट जनविश्वास बचाउन सकिने उहाँको भनाइ थियो ।

"पत्रकार नेतामुखी भयौँ । अचेल दलका नेताहरूले हाम्रा नेता चुन्ने र प्रभावमा राख्ने अभ्यास देखिन्छ", वरिष्ठ पत्रकार नेपालले भन्नुभयो, "स्वतन्त्र पत्रकारिताको नारा बोकेर दलको निर्देशन मान्ने भएपछि हामी कसरी आत्मनिर्भर, स्वतन्त्र र बलियो पत्रकारिता गर्न सक्छौ ?"

महासङ्घका पूर्वअध्यक्ष वरिष्ठ पत्रकार दाहालले पत्रकारिता र राजनीतिलाई छुट्याउन नसक्नु पत्रकारितामा आएको सङ्कटको मुख्य कारण भएकाृ बताउनुभयो । उहाँले पछिल्लो समय 'कर्पोरेट' पत्रकारिता बढ्नु विचारणीय भएको भन्दै अब प्रविधिको प्रयोगलाई अवसरका रूपमा लिनुपर्ने सुझाव प्रस्तुत गर्नुभयो ।

"पत्रकारिताको विश्वसनीयता र अर्थतन्त्र नै सङ्कटमा छ । व्यापारिक पक्षबारे मात्र लेख्ने प्रचलन साह्रै बढेको छ, यो विचारणीय कुरा हो", दाहालले भन्नुभयो, "विश्वसनीयताबारे प्रश्न उठाउने माध्यमहरू यति धेरै भए कि कुन पत्रकारिताका माध्यम हुन् वा कुन हैनन् भन्ने नै छुट्याउन गाह्रो भएको छ । यस्तो समयमा सूचनाको उत्पादन र वितरणको चित्र नै परिवर्तन हुँदै गएको छ ।"

पूर्वअध्यक्ष निष्ठुरीले पत्रकारितमाथिको जनविश्वासलाई बचाइराख्न निष्पक्ष पत्रकारिता नै पहिलो सर्त भएको धारणा राख्नुभयो । "पत्रकारितालाई जनताले पत्याउन छाडे । त्यसको पहिलो कारण हामी सबै सत्तारूढ भयौँ । दल र सरकारको सत्तारूढ सदस्य भयौँ", उहाँले भन्नुभयो, "यस्तै, हाम्रा धेरै साथीहरू प्रेस सल्लाहाकार भएका छन् । पत्रकारिता दल र सत्तामा रमाइरहेको छ ।"

महासङ्घका अध्यक्ष शर्माले जिम्मेवारपूर्वक पत्रकारिता गर्न आह्वान गर्नुभयो । "पत्रकारिताको विश्वसनीयतामाथि इतिहासमा नै यति ठूलो प्रश्न पहिलो पटक अनुभव गरेको छु", उहाँले भन्नुभयो, "समाचारका हेडलाइनमात्र खोजिरहेका छौँ । विश्वसनीयता घट्दो छ । खोजी समाचार पनि एकदुई महिनासम्म मात्र टिक्छ । गुम्दो विश्वसनीयतालाई कसरी बचाउने यसमा बहस आवश्यक छ ।"रासस

# नाढीमन ताल घोषणामै सीमित, पर्यटक नआउँदा सुनसान

बरहथवा । सर्लाहीको चन्द्रनगर गाउँपालिका वडा नं ६ र ७ मा अवस्थित ऐतिहासिक, प्राकृतिक तथा धार्मिक पर्यटकीयस्थल नाढीमन ताल अहिले सुनसान बनेको छ । पर्यटनको ठूलो सम्भावना बोकेको यस ताल अलपत्र पर्दा पर्यटकको आगमन शून्य बनेको हो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सार्वजनिक गरेको देशका उत्कृष्ट १०० भ्रमण स्थलमा पर्न सफल यस क्षेत्रमा पर्यटक नआउँदा स्थानीय व्यवसायीसमेत पलायन भएका छन् । चन्द्रनगर गाउँपालिका-७, निवासी ४५ वर्षीया ललिता भगतले नाढीमन ताल नजिकै कस्मेटिक पसल सञ्चालन गर्नुभएको छ ।



ताल घुम्न आउने पर्यटकलाई लक्षित गरेर उहाँले सञ्चालन गर्नु भएको पसल नचलेपछि उहाँ चिन्तामा हुनुहुन्छ । उहाँले यस ठाउँमा पसल चलाउनुभएको १० वर्ष हुन लाग्यो । उहाँका अनुसार सुरुमा पसल राम्रो चलेको थियो । दैनिक पाँच हजार रुपैयाँसम्मको व्यापार हुने गरेको थियो ।

यस तालमा नेपालसहित भारतको विभिन्न स्थानबाट पर्यटकसमेत आउने गरेका थिए । पर्यटकको सेवाका लागि भनेर ताल परिसरमा होटलसहित विभिन्न पसल व्यवसाय सञ्चालनमा पनि आए । तर, २०७२ सालमा राष्ट्रपति चुरे संरक्षण कार्यक्रमअन्तर्गत नेपाली सेनाले सरसफाइसँगै निर्माण गरिदिएको संरचनामा जीर्ण भएपछि तालको अवस्था उस्तै बनेको हो ।

विसं २०७३ असारमा आएको बाढीले सदरमुकाम मलङ्गवाबाट तालसम्म पुग्ने केही सडक बगाएपछि अवस्था थप बिग्रिएको हो । तालसम्म पुग्ने सडकको दुरावस्थाकै कारण भारततर्फबाट पर्यटकहरू आउन छाडेका स्थानीयको कथन छ । क्रमिक रुपमा ताल व्यवस्थापन तथा प्रचारप्रचारमा समेत अस्तव्यस्तता देखिएपछि तालसम्म आउने आन्तरिक तथा बाह्य दुवै किसिमका पर्यटक घटेका उहाँले बताउनुभयो ।

तालसम्म पुग्न नेपाल-भारत सीमास्थित भारतको सोनवर्षा बजारबाट १२ किलोमिटर र पूर्वपश्चिम लोकमार्गबाट पनि उत्तिनै दूरी तय गर्नुपर्छ । दुवैतर्फको सडकमा अहिले पनि केही भाग कच्ची सडक छ । यसले गर्दा पर्यटकहरूले सास्ती व्यहोर्नुपर्ने बाध्यता छ । व्यवस्थित सडक सञ्जाल नभएकै कारण यस क्षेत्र ओझेलमा परेको स्थानीयको दाबी छ । "यसको विकास नभएकै कारण एकपटक आएका पर्यटक फर्केर आएनन्", उहाँले भन्नुभयो, "सम्भावना देखेर सुरु गरेको व्यवसायसमेत चौपट भयो । हामीलाई दैनिकी गुजार्नसमेत धौधौ छ ।" पालिकाको आन्तरिक बजेट नभएकाले गर्दा यस क्षेत्रको विकासका लागि सङ्घ वा प्रदेश सरकारले लगानी गर्नुपर्ने उहाँ बताउनुहुन्छ ।

छिमेकी पालिका बागमतीमा केही समय पहिला निर्माण गरेको कृत्रिम भरत ताल गुल्जार हुँदा प्राकृतिक नाढीमन पर्यटकको नजरमा नपरेको उहाँले दुःखेसो पोख्नुभयो । पर्यटक आउन छाडेपछि अहिले दिनमा पाँच सय रुपैयाँको पनि व्यापार नहुने भगतको भनाइ बताउनुहुन्छ । ताल व्यवस्थित भए यस क्षेत्रका सयौँ व्यक्ति स्वरोजगार हुने अर्का स्थानीय महेन्द्र कापरले आशा ब्यक्त गर्नुभयो ।

चन्द्रनगर गाउँपालिका-६, निवासी उहाँ सोही ताल किनारमा रहेको मरिचिमानेश्वर महादेव मन्दिरमा पुजारी हुनुहुन्छ । यस ऐतिहासिक स्थलको प्रवर्द्धनमा जनप्रतिनिधिसमेत उदासिन बनेका उहाँको गुनासो छ । "कसैले ध्यान नदिएका कारण यो अलपत्र परेको छ", कापरले भन्नुभयो, "दुई वडामा यो ताल छ । दुवै वडाले अहिलेसम्म एक रुपैयाँ बजेट हालेका छैनन् ।"

यस ऐतिहासिक, प्राकृतिक तथा धार्मिक सिमसार क्षेत्रका रुपमा रहेको नाढीमन माललाई कुनै सरकारले नहेरेको चन्द्रनगर गाउँपालिका-७, निवासी बेचु साहले गुनासो गर्नुभयो । सङ्घ सरकारले पनि घोषणा गर्नेबाहेक केही नगरेको उहाँको तर्क छ । "घोषणा गरेर मात्र केही हुँदैन", उहाँले भन्नुभयो, "विकास गर्नुपर्छ, लगानी गर्नुपर्छ, माललाई पर्यटकको रोजाइको केन्द्र बनाउनेतर्फ ध्यान गएको छैन ?"

यस क्षेत्रको आर्थिक, समाजिक, धार्मिक तथा सांस्कृतिक विकासको लागि एकमात्र उपाय तालको विकास भएको साहले ठोकुवा गर्नुभयो । ताल व्यवस्थापन मात्र हुने हो भने यहाँका हजारौँले रोजगारी पाउने, स्थानीयको आयआर्जन बढ्ने, स्थानीय तहदेखि प्रदेश र सङ्घ सरकारलेसमेत ठूलोमात्रामा राजस्व आर्जन गर्ने बलियो स्रोत बन्ने उहाँले सुनाउनुभयो । अस्तव्यस्तताले चन्द्रनगरवासी सुनको अण्डा बोकेको भिखारी देखिएको उहाँको कथन छ ।

माछापालका लागि ताल ठेक्का लगाएर मात्र यस पालिकाले बर्सेनि करोड बढी राजस्व सङ्कलन गरिरहेको थियो । तर, राजनीतिक खिचातानीका कारण बढेको आन्तरिक कलहपछि आन्तरिक राजस्वमासमेत ठूलो असर परेको छ । पछिल्लो समय पालिकाले तालको विकासको लागि चौतर्फी पहल गरिरहेको पालिका अध्यक्ष राजकुमार महतोले बताउनुभयो । आफू निर्वाचित भएर आएपछि सबैभन्दा सुरुमा तालको अतिक्रमण हटाउन पहल थालेको अध्यक्ष महतोको भनाइ छ । यस तालको पुरानो क्षेत्रफल ५२ बिघा रहेको स्थानीयको दाबी रहेपछि अतिक्रमणका कारण हाल यस ताल ३५ बिघा क्षेत्रफलमा खुम्चिएको छ । यसले माललाई आकर्षक बनाउने र पर्यटक पहिलाको भन्दा धेरै आउन सुरु गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

आफूले पालिकाकोतर्फबाट मधेस र सङ्घ सरकारसँग यस क्षेत्रको विकासका लागि पहल गर्दा कुनै सुनुवाइ नभएको उहाँको गुनासो छ । निकै पहलपछि मधेस प्रदेश सरकारले माललाई प्रदेश गौरवको आयोजनाका रुपमा समावेश गर्ने र सङ्घ सरकारले १०० उत्कृष्ट घुम्नैपर्ने स्थानका रुपमा सूचीकृत गर्नेबाहेक कुनै काम नगरेको उहाँको भनाइ थियो । पालिका आफैँले भने तालको इतिहासको खोजी, अध्ययन र दस्तावेजीकरणको कार्य अगाडि बढाएको छ ।

गाउँपालिका अध्यक्ष महतोका अनुसार ठेकेदारले माछा निकाल्न भन्दै २०८० मा पोखरीको पानी सबै सुकाएपछि ताल गौचरणमा परिणत भएको थियो । त्यसपछि झन पर्यटकमा नराम्रो छाप परेको उहाँको दाबी छ । तालको दिगो विकास र प्रवर्द्धनको उद्देश्य राखेर पालिकाले वृक्षरोपण तथा सरसफाइलगायत कार्यलाई सञ्चालनको तयारी गरेको जनाएको छ ।

ताल परिसरमा प्रत्येक वर्ष भव्य महोत्सव लाग्ने गरेको स्थानीय महन्त महेन्द्र कापरले बताउनुभयो । मेलामा नेपालसँगै भारतको विहार राज्यका विभिन्न जिल्लाबाट धार्मिक पर्यटकको ओइरो लाग्ने गरेको छ । पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित तालमा सञ्चालनका लागि पाइडल र मोटरबोटसमेत पालिकाले ल्याएको छ तर पर्यटक अभावमा प्रयोग हुन नसक्दा ती बोटहरु ताल किनारमा अलपत्र छ ।

यसैबीच हिन्दू धर्मग्रन्थ महाभारतमा उल्लेख भएको यक्ष दह नै चन्द्रनगरको नाढीमन ताल रहेको हुनसक्ने सम्भावनासहित पालिकाले यसको अध्ययन सुरु गरेको अध्यक्ष महतोले जानकारी दिनुभयो ।रासस

# राजनीतिमा महिला सहभागिता वृद्धि गर्नुपर्नेमा जोड

काठमाण्डु । सरोकार भएकाहरूले आगामी निर्वाचनमा महिला र युवाको उपस्थितिमा वृद्धि गर्नुपर्नेमा जोड दिएका छन् ।

ओजस्वी नेपालले शुक्रबार आयोजना गरेको 'राजनीतिक आन्दोलनको जनादेशःमहिला र युवाको अर्थपूर्ण सहभागिता' विषयक कार्यक्रममा 'जेनजी' अगुवा, महिला अधिकारकर्मीलगायत सरोकार भएकाहरूले सहभागिता वृद्धिमा जोड दिएका हुन् ।



महिला अधिकारकर्मी सरु जोशी, लैङ्गिक अधिकारकर्मी सञ्जोग ठकुरी र जेनजी अगुवा मोनिका निरौलाबीच भएको संवादलाई पत्रकार दुर्गा कार्कीले सहजीकरण गर्नुभएको थियो ।

निरौलाले राजनीतिक सुदृढीककरण गर्ने महत्त्वपूर्ण आधार समानतामूलक सहभागिता रहेको बताउनुभयो । उहाँले 'जेनजी' प्रदर्शनका विविध कारणमध्ये असमान राजनीतिक पहुँचसमेत रहेको धारणा राख्नुभयो । "जेनजी समूह एकताबद्ध हुँदैछ, हामीले यहाँ ५१ प्रतिशत महिला सहभागिता हुनुपर्नेमा जोड दिएका छौँ", निरौलाले भन्नुभयो, "अन्य राजनीतिक दलमा पनि आफ्नो पार्टीमा युवा र महिला सहभागिता बढाउनु आवश्यक छ ।"

उहाँ आगामी निर्वाचनमा मतदाताको अवस्था हेर्दा महिला र युवाको सत्_या बढाउनेतर्फ त्यति ध्यानकेन्द्रित नभएको महसुस भइरहेको बताउनुभयो ।

अधिकारकर्मी जोशीले अगामी निर्वाचनमा महिलाको पहुँच बिस्तार गर्ने माहोल बनाउन अनुपम अभियान थालनी गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार अभियानका क्रममा निर्वाचनमा महिलाको चासो र रोजाइ अत्यन्त न्यून देखिएको अनुभव सुनाउनुभयो । "राजनीतिमा महिलालाई कसरी घरबाट बाहिर ल्याउने भन्ने कुरामै चुनौती छ । निर्वाचनसम्म त आर्थिक, सामाजिक, पारिवारिक पक्षले अवरोध गरेको देखिन्छ । यद्यपि, जागरुक अभियानमा जुटेका छौँ ।"

अधिकारकर्मी ठकुरीले भने राजनीतिक क्षेत्रमा महिला सहभागिता वृद्धिमा पितृसत्तात्मक मानसिकता नै बाधक भएको जिकिर गर्नुभयो । पछिल्लो समय राजनीतिमा महिला सहभागी गराउने भनिए पनि शासनसत्ता र नेतृत्व पुरुषमै हुनुपर्ने चेतना हाबी भएको उहाँको भनाइ थियो । रासस

# मर्यादित महिनावारी सङ्कल्प प्रस्ताव कार्यान्वयनमा ढिलाइ

काठमाण्डु । राष्ट्रियसभाबाट पारित 'मर्यादित महिनावारी' सम्बन्धी सङ्कल्प प्रस्ताव कार्यान्वयन ढिलाइ भएको छ ।

सो प्रस्तावका अवस्थाबारे आयोजित छलफलमा सहभागी राष्ट्रियसभाका सभापति, सङ्कल्प प्रस्तावका प्रस्तावकलगायतले कार्यान्वयनमा ढिलाइ भए पनि पहल भइरहेको बताएका छन् ।




बिहीबार नेपाल एफएम नेटवर्कले आयोजना गरेको कार्यक्रममा सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका सभापति मायाप्रसाद शर्माले उक्त सङ्कल्प प्रस्तावको कार्यान्वयन विषयमा पटकपटक छलफल भएको बताउनुभयो । उहाँले भन्नुभयो, "राष्ट्रियसभाले निर्देशन दिने हो, कार्यान्वयन गर्ने पाटो सरकारको हो । महिला मन्त्रालयसँग छलफल गर्दा कार्यविधि बनाएर अघि जाने कुरा भएको छ । हामीले यसलाई प्राथमिकतामा राखेका छौँ ।"

सङ्घीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिका सभापति सोनाम ग्याल्जेन शेर्पाले यो राष्ट्रियसभाको मात्र विषय नभइ देशकै मुद्दा र राष्ट्रिय सरोकारकै मुद्दा रहेको टिप्पणी गर्नुभयो । "जनदबाबका रूपमा पनि अंगिकार गर्ने गरी अगाडि बढ्नुपर्छ । यस विषयमा हामीले छलफल नगरेका होइनौँ, प्राथमिकतामा छ तर छलफलको प्रक्रिया अलि लम्बेतान छ", उहाँले भन्नुभयो ।

यसैगरी सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका सदस्य एवं सङ्कल्प प्रस्तावकी प्रस्तावक मदन कुमारी शाहले भन्नुभयो, "कार्यान्वयका सन्दर्भमा भन्ने हो भने महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले मर्यादित महिनावारीबारे निर्देशिका बनाउँदै गरेको भन्ने आएको छ । तर दुःखको कुरा के भने, विषय उठान पनि आफैँ गर्नुपर्ने र कार्यान्वयनका सन्दर्भमा पनि आफैँ खोजीनीति गर्नुपर्ने अवस्था छ ।"

उहाँले राजनीतिक अस्थिरताले केही समय अवरोध गरे पनि यसबारे निरन्तर पैरवी भइरहेकोबारे आश्वस्त पार्नुभयो । उहाँले यो विषय प्राथमिकतामै रहेका कारण सङ्कल्प प्रस्ताव पारित भएको र कार्यान्वयनबारे, समिति क्रियाशील नै रहेको बताउनुभयो । मर्यादित महिनावारी विज्ञ डा राधा पौडेलले मर्यादित महिनावारी नेपालमा मात्र नभइ विश्वमै चासोका साथ हेरिएको विषय भएकाले यो सबैको साझा सवाल र मानवअधिकारको मुद्दा भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "सङ्कल्पप्रस्ताव प्राथमिकतामा पर्नुपर्छ । दुःखका साथ भन्नुपर्छ, अझैसम्म कार्यान्वयनका सन्दर्भमा ठोस कदम चालिएको देखिँदैन ।रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। पानीले भरिएको मरुभूमि ।।

मरुभूमि भिजेको छ, तर त्यो पानी वर्षाको होइन
बोटहरु हरियाएको छ, तर त्यो कल्पनामा मात्र हो
पानी वर्षाको होइन, मनभित्र दबिएका कथाहरुको आँशु हो
जहा घामको उज्यालो बीच मान्छेहरू छायां खोज्दै हिडछन,तर
रूख लाई होइन ।
माटो चिसो छ तर त्यसमा आनंन्दको साटो थकान छ।
आखा'मा असंन्तोशको रेखा बोकि, मुखमा शांतिको बखान छ।
मान्छेको मुस्कुराईरहेको आवरण भित्र रहेको त्यो पीडा र सत्य्
जो डर ले मौन छ,जहां हृदयको चिच्याहट कैद छ यसले दर्शाउछ
हाम्रो समाज कती महान छ ।
यहां हा'सो बिक्रिमा,सपना ऋणमा पाइएको छ
सत्य कागजको रिपोर्टमा भेट्टइएको छ
यहां करूणा शब्द दस्तावेज र संवेदना विज्ञापन बनेको छ
मानवियता कागजको भाषणमा बा'च्छ, र आत्मा भिड़मा
हराएको छ
राम्रो बन्ने खोजमा आफनो अस्तित्व नै बिरायौ
माथि उठ्ने सोचमा आफनो मानवता नै गिरायौ
संसारको अगाडी नक्कलि आवरण नै हेरायौ
पानीले भरिएको ठाऊंमा पनी मरुभूमि नै भेटायौ
पानीले भरिएको मरुभूमि हो यो, जहां बाच्ने कला सिक्यौ
तर महसूस गर्न बिर्सियौ, धनी बन्ने खोजमा राम्रो संग रितीयौ
जिवन हिंडिरहेको छ तर सून्दर् आत्मा पहिले नै सिधियो
पानीले भरिएको ठाऊंमा पनी मरुभूमि नै भेटियो।।



**लेखक: करिश्मा कुमारी दास**
**ठेगाना : मूडीवा (५)**
(BBS 2nd year student)

## ।।जन्मभूमि ।।

जय जय जय हे! मेरो मातृभूमि
प्राणभन्दा प्यारो मेरो जन्मभूमि.....।।१।।
नमन मातृभूमि जय हो नेपाल ।
सुन्दर गुण ज्ञानको हो विशाल ।।
मुटुमा बसाइ कोटिसय प्राणाम ।
यो धर्तीलाई छोडि छैन विश्राम ।।क।।
अखण्ड अटल मेचीमहाकाली ।
पवित्र कोशी गण्डकी कर्णाली ।।
जहाँ सहासि सिपालु गोर्खाली ।
त्यहीँ नै मातृभूमि हामी नेपाली ।।ख।।
प्राकृति सम्पदाको पूर्ण धनि देश ।
धार्मिक सहिष्णुता शान्त परिवेश ।।
बहुजाती भाषा स्वतन्त्र संस्कृति ।
प्राचीन सनातन गौरव हाम्रो कृति ।।ग।।
जय जय जय हे! मेरो मातृभूमि ।
प्राणभन्दा प्यारो मेरो जन्मभूमि.....।।२।।
संसार, स्वर्ग भन्दा अति महान
मातृभूमि मेरो पहिलो पहिचान ।।
जनी जन्मभूमि सबैभन्दा राम्रो ।
सुरक्षा लागि तुक्ष्य जीवन हाम्रो ।।घ।।
नदि खोला झरना पोखरी र ताल ।
सौन्दर्य रहेको तराई पहाड हिमाल ।।
लालिगुराँस डाफे छ गौरव राष्ट्रको ।
गाई झण्डा जय बिच अन्तर्राष्ट्रको ।।ङ।।
नजाने को हो विश्वमा सगरमाथा ।
नगर्ने को बुद्धको वर्णन गुण गथा ।।
परमज्ञानी स्वभिमानी जनक सीता ।
ऋषिमुनि तप्सस्थली पावन पुनीता ।।च।।
जय जय जय हे! मेरो मातृभूमि ।
प्राणभन्दा प्यारो मेरो जन्मभूमि.....।।३।।
किसानको श्रम श्रृङ्गार हाँस्दै माटो ।
उन्नति प्रगतिका बनाउनु नौलो बाटो ।।
आफ्नै देश धर्तीमा बढाउनु रोजगार ।
साना ठूला गरि बसाउनु कुनै व्यापार ।।छ।।
कृषक पसिना विरको रगत मिसिएको ।
उनकै बलिदानले नै देश आज बचेको ।।
घाटी दिने सधैं तयार तर झुकेको छैन ।
युद्ध बाट भागने इतिहास भेटेको छैन ।।ज।।
जति चोटि जन्मे नेपालै चाहियो ।
मातृभूमिको सेवा लक्ष्य रहिरह्यो ।।
हामी रहे नरहे हाम्रो देश रहनु पर्यो
आफ्नो प्राण दिएर राष्ट्र बचाउनु पर्यो ।।झ।।
जय जय जय हे! मेरो मातृभूमि ।
प्राणभन्दा प्यारो मेरो जन्मभूमि.....।।४।।
जाग हो जाग मेरा नेपाली भैया ।
आऊ मिलि बनाऊ नेपाल मैया ।।
अब नउठे भने धेरै ढिलो हुनेछ ।
जगत धेरै टाढासम्म पुगिसकेछ ।।ञ।।
हामी केही नगरे पूर्वज धिकार्ला ।
गोली खाएको छातीले धिकार्ला ।।
यिनीभन्दा ठूलो को हुन सक्छ ।
जन्मभूमि त्यागी को हुन्न सक्छ ।।ट।।



**लेखक :- मनिष कुमार राउत**
**ठेगाना :- पिपरा-०१, खैरबा**

## ।।बिदा आई अखारा बनल।।

जैए हम सब ज्ञान पैलौं।
वो हे आइ बेसहारा बनल ।।
युवा भैया जा क पुछु ।
बिदाके मन्दिर किया अधुरा बनल....२
दिन प्रति दिन हडताल- बन्दी ।
तैई प छो बराती स बन्द ।।
वोह ने रबैया रहतो सबदिन ।
बउवा बन्तो बकलोल सबदिन....२
बिदाके बना दलौ तरकारी बजार ।
कोइ बेचै छो मोल मे त ।।
कोइ किनै छो पावर मे ।
एहने रबैया रहतो सब दिन ।।
ज्ञानके ठाउँमे बस गनलले एतो....२



**बिरेन्द्र कुमार मण्डल उर्फ (बिबस)**
**ठेगान:- हंसपुर ०८ भतही**
**शिक्षक मा. बि. मुखियापट्टी**

## ।। अनुभव ।।

अब केही दिन पख
हरेको सामु मेरो नै
बात हुने छ मेहनत मेरो
जारी छ परखाइ भने
सफलताको त्यसपछि
मो नै सबैको खास हुने छ
छन होलान् आनेको
समस्या केही दिनपछि
त्यसको समाधान हुने छ
भाग्यले जूराउनू मात्र परयो
सरकारी कागाजमा मेरो
नै नाम हुने छ. मलाई कोही
चिन्दैन्न चिनौउने मेरो
काम हुने छ मलाई भेट्ने
मन्छेको भिड यती धेरै हुने छ
की चका जाम हुने छ फेसबुक
देखी अनेको समाजिक संजाल
मा मेरो नै नाम हुने छ कामको
मेरो प्रसनसा पाउने उचित
दाम हुने छ राम्रो समायको
पर्खाइ मा छु त्यसपछि
नेपाली सेना होइन
बेग्लै मेरो काम हुने छ



**लेखक रोहन भुजेल**
**जनकपुर -४**

आई जनकपुर मे खुसयाली छै ।।
आई जनकपुर नगरी खुसयाली भेलै ना
कते हाथी घोरा कते बरियाती एलै ना
आई राम जी के सिता सँ विवाह होइ छै ना
देखियौ खुसी सँ मिथिला बासी झुमै नचै ना
मंगल मंगल मंगल छै ना आई जनकपुरमे पुरे
उमंग छै ना ढोल पिपही अंग्रेजी बाजा
बजै छै ना आई जनकपुर कते सुन्दर लगै छै ना
सखी बैहना विवाह गीत कबै छै ना
बड सुन्दर जनकपुर नगरी लगै छै ना
झाखी कृतन बजा बजै छै ना घर घर मे
दिया बती मनबै छै ना
आई राम जी के सिता सँ विवाह होइ छै ना
भैया भावि सब देखुन नचै गबै ना



**धनेश्वर ठाकुर**
**धनुषाधाम ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार दोहा कतार**

निमनो गप्प खराब लगै छै ओकरा
धतूरक फुल गुलाब लगै छै ओकरा
अछि तऽ मनक रानी पिडसियमकी
मुदा बोली हमर बेहिसाब लगै छै ओकरा
झुठक बडाई करि जहन ओकर तऽ
खुब निमन आ बबाल लगै छै ओकरा
कहि दैछी जहन सोना आ फुलझरी
तऽ हम हिरो नवाब लगै छी



**उदगार यादब**
**मिथिला विहारी नगरपालिका, सिरसिया-६**

## ।। जन्ता चुनाब मे ।।

जब जन्ते होत बुर्बक
त नेता केहन होत
माउस भात के चक्कर मे
सबदिन गोर धोत।।
सोफि आ थररामे
छोरत घरके काम
हाथमे लक झणडा
घुरत गाम गाम।।
अप्पन घरमे बज्जर खसौ
छोरत नै जि-हजुरि
बालबच्चा सब कि शिखत
जब बापेभेल बेलुरी।।
जिवनक नै कोइ रास्ता रहत
खसत परत कोनो रस्ते मे
अमुल्यसन भोट अपन
बेचदेलक सस्ते मे
बेचदेलक सस्ते मे ।।



**उदेशवर शर्मा**
**न. पा. हसपुर - ८**

## ।। कोना डुइब गेलो ओइ आइखमे ।।

नैय जाने कि देखली ओइ राइतमे ?
कोना डुइब गेलि हम उ आइख मे ?
जखन गेल छलो हम भैयाके बराइतमे३
कोनो सुन्दर सन परि जेखा काजल उ आईखमे
कानक झुम्का, नाकक नथिया,लाल चुरी जे रहे हाथमे
मेहदीके रंग बिरङ खुसबु जे छेल साथमे
कसम से कहि छि बबाल लागि छली पियर फराकमे
नैय जाने कि देखली -=-३
हम सोयम्बरसे जादा यहाँके देखली
साच कहु त हम सोयम्बर नहिए देखली
एगो अदभूत खुशी मेहसुस भेल ओइ राइतमे
जेना लागल कि कोइ भेट गेल बरसातमे
पर पुछला प पता चलल यहाँ नैय परि छि हमर जाईतमे
नैय जाने कि देखलो -=-३



**लेखक : साह स्नेही**
**ठेगाना :जनकपुरधाम -२१-कुर्था**

## ।। नेता बन्न कहाँ सजिलो छ ।।

कहिले प्रहरीलेको लाठीचार्ज खानुपर्छ
कहिले प्रहरीले फालेको आशु ग्यास सहनुपर्छ
कहिले आन्दोलनमा भाग लिनुपर्छ
कहिले आन्दोलनमा समर्थन गर्नुपर्छ
नेता बन्न कहाँ सजिलो छ।
कहिले परिवारबाट टाढा हुनुपर्छ भने
कहिले संगठको कामले घरलाई छोड्नुपर्छ
कहिले पार्टीको वा घरपरिवारको दबाब सहनुपर्छ
कहिले समाजको दबाब सहनुपर्छ
नेता बन्न कहाँ सजिलो छ।
कहिले आफ्नो अपमान सहनुपर्छ
कहिले आफ्नो क्षति भएको सहनुपर्छ
कहिले भ्रमित कुरालाई सहि तरिकाले अरुलाई भन्नुपर्छ
कहिले गोप्य कुरालाई आफुसँगै राख्नुपर्छ
नेता बन्न कहाँ सजिलो छ।



**नाम: ऋषिकेश यादव**
**ठेगाना: जनकपुर**

## ।। वैरागी मन ।।

प्रेमको दीप बालेर
अन्धनयनलाई उज्यालो पार्ने मन गर्छ ।
खै! किन? मलाई
सत्रुलाई पनि अङ्गालो हान्ने मन गर्छ ।।
अश्रुगंगामा नुहाएर
अहंकार विकृतविकार धुने मन गर्छ ।
खै! किन? मलाई
अकस्मात् हाँस्दै हाँस्दै रुने मन गर्छ ।।
जीत के हो हार के
यी सरल प्रश्न संसारसँग गर्ने मन गर्छ ।
खै किन? मलाई
पाउनु, गुमाउनु उत्तर न सुन्ने मन गर्छ ।।
आनन्दको खोजीमा
स्वार्थीसंसारको त्यागी बन्ने मन गर्छ ।
खै! किन? मलाई
शून्य-शेष जानेर वैरागी बन्ने मन गर्छ ।।



**कवि : राम मण्डल**
**ठेगाना: सिनुरजोडा-१, धनुषा, नेपाल ।**

## ।। मतदाता ।।

मतपत्रमा अंकित हुन्छन्
आशाहरूका साना-साना प्रतिबिम्ब,
हाम्रा सपनाहरू
र भविष्यका कुना-कुनामा झिलमिलाएको उज्यालो।
कतै उत्साह, कतै अनिश्चितता,
तर हातमा उठेको एक मत
देशको दिशा बदल्ने शक्तिले भरिएको–
न त साधारण, न त सानो।
मतदाता त
देशको मुटु हो,
जसले धड्कनमार्फत भोलि लेख्छ।
तसर्थ,
मताधिकार केवल अधिकार होइन,
यो त जिम्मेवारीको
सबैभन्दा पवित्र रूप हो।



**लेखक:बब्लु शर्मा**
**ज. उ. न. पा.-७**

## ।। माया ।।

जित भयो सधैं तिम्रो कहिले पनि हार भएन।
सपना त मैले नि देखेको थिय तर साकार भएन।
एक रथको दुई पाङ्ग्रा भएर सगैं यात्रा गरु भन्दा
तिमी ठुलो म सानो हाम्रो मिल्दोजुल्दो आकार भएन
तिमीले देखाएको सपनामा हिड्दै थिए नि तर
अचानक अगाडि आएर पिडा को पहाड बनाइ गयौनी माया
त्यही पिडामा म अलमलिए
तिमी पुगेनी अरु सङ्ग सन्सार जित्न माया
कोहि पर्खि राखेका छन
कोहि अरु सङ्ग ब्यस्त छ्न
यति धेरै प्रगति गर्नु छ कि साथ छोड्ने ले नि पछुतो मान्ने छन ।
बिरानो संसारको बिरानो मान्छे म
अधुरो माया
बिरानो मान्छे
माया को नजर मा माया संसार



**बिरेन्द्र कुमार चौधरी (राजेश)**
**ठेगाना: - मिथिला न. पा. ३, हरिहरपुर ,**
**धनुषा नेपाल्**

## ।। भीड़क बादशाह ।।

मतदाता परिचय पत्र बनाबय हमसब
कार्यालयक फाटक पर,
भोरमे यूगल सूरज सँ पहिने
भीड़ फैलैत गैले हजार पर हजार।
कोहबर जेकाँ भरल आँगन,
सब गोटे अपन पाँति खोजैत,
बुढ़-जवान, दिदी-बहिन, काका, काकी
दुइ हाथमे कागज धड़कैत।
कियो सइरा खोजैत, कियो धूपमे,
कियो कहै– “आहाँ पहिने आयल रही।”
कियो मुस्की दैत कहै–
“जनतंत्रक सेवा मे सब बराबर छी।”
गरम हावामे पसीना गिरेछए,
तेहनहुँ हिम्मत नहि छुटै,
कार्ड बनत– तँ अपन नाम
देशक सूचीमे जरूर जुटै।
एहि भीड़मे देखू एकटा रूप–
एकता, धैर्य आ जनक भरोसा,
मतदाता बनैब त' हकैक प्रतीक,
एहि बाटे चलैछ लोकतंत्रक रोसा।



**लेखक:राजु ठाकुर**
**ठेगाना: महेन्द्रनगर**
**योगिता:व्यवस्थापन**

# महाधिवेशनको सर्वसम्मत कार्यतालिका सार्वजनिक गर्न सभापति बानियाँको माग



भक्तपुर । नेपाली कांग्रेस बागमती प्रदेशका सभापति एवं बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले पार्टी महाधिवेशनको सर्वसम्मत कार्यतालिका सार्वजनिक हुनुपर्नेमा जोड दिनुभएको छ।

नेपाली कांग्रेस बागमती प्रदेश कार्यसमितिको १३औँ पूर्ण बैठक एवं प्रदेशसभा संसदीय दलको संयुक्त बैठक शुक्रबार उद्घाटन गर्दै उहाँले कांग्रेसको क्रियाशील सदस्यको विवाद टुङ्ग्याएर मात्रै महाधिवेशनको मिति तय गरेर एक ढिक्का भएर जानुपर्ने बताउनुभयो।

नेपाली कांग्रेस केन्द्रीय समितिको बैठकमा निर्वाचन अगाडि र निर्वाचन पछाडिको कार्यतालिका सार्वजनिक भएसँगै दलका नेता तथा कार्यकर्तामा अन्यौलता छाएको उहाँले बताउनुभयो।

पार्टीको केन्द्रीय बैठकमा महाधिवेशनको दुई वटा तालिका सार्वजनिक गरेर विवादमा ल्याएर कांग्रेसको अस्तित्व सिद्धिने बताउँदै मुख्यमन्त्री बानियाँले भन्नुभयो, "केन्द्रीय समिति बैठकले पहिला विधान समिति बनाओस्, क्रियाशील सदस्य छानबिन समिति बनाओस् त्यसपछि छानबिन समितिले प्रतिवेदन बुझाएको १५ दिनभित्र महाधिवेशनको मिति तोक्ने काम हुनुपर्छ, महाधिवेशन निर्वाचन अगाडि र पछाडि भनेर विवाद नगरोस्।"

बागमती प्रदेशको दुई दिन चल्ने बैठकले घनीभूत छलफल गरेर केन्द्रीय समितिलाई सुझाव दिने उहाँका भनाइ थियो। कांग्रेसलाई एक ढिक्का बनाएर लैजानुको विकल्प नभएको उहाँले बताउनुभयो।

कार्यक्रममा नेपाली कांग्रेस भक्तपुर जिल्ला सभापति दुर्लभ थापाले प्रदेशको बैठकपछि कांग्रेसलाई एक ढिक्का बनाएर लजाने सन्देश दिँदै कांग्रेस भक्तपुरले छिट्टै ७७ वटै जिल्लाका कांग्रेस जिल्ला सभापतिहरुको भेला पनि भक्तपुरमै गर्ने तयारी गरेको बताउनुभयो।

कार्यक्रममा संयोजक कृष्णलाल भँडेलले पार्टी एकतालाई खल्बल्याउने गरी जान नहुने बताउँदै उहाँले महाधिवेशनमा जानु अगाडि पार्टीभित्रका सबै विवादलाई टुङ्ग्याएर जानुपर्ने बताउनुभयो। बैठकमा प्रदेश समितिका १३० जना सदस्य, ३७ जना पार्टीका प्रदेशसभा सदस्य, १३ जिल्लाका १३ जिल्ला सभापतिहरु, गरी १८० जनाको सहभागिता रहेको बताउनुभयो।रासस

# निर्वाचन अगाडि कांग्रेसको महाधिवेशन हुनुपर्नेमा जोड

काठमाण्डु। प्रजातान्त्रिक आन्दोलनका अगुवाहरुले निर्वाचन अगाडि कांग्रेसको महाधिवेशन सम्पन्न हुनुपर्नेमा जोड दिएका छन्।

प्रजातान्त्रिक विचार समाजले मुलुकको समसामयिक विषयमा शुक्रबार आयोजना गरेको अन्तरक्रियाका वक्ताहरुले निर्वाचन अगाडि पार्टीको १५औँ महाधिवेशन सम्पन्न गर्नुपर्ने बताएका हुन्।

समाजका निवर्तमान अध्यक्ष डा केदार नरसिंह केसीले राष्ट्र, राष्ट्रियता र राष्ट्रिय अखण्डताको रक्षाका लागि प्रजातान्त्रिक विचार समाज सधैँ अग्रमोर्चामा उभिने बताउनुभयो। उहाँले प्रेस स्वतन्त्रता, आवधिक निर्वाचनलाई आत्मसाथ गरेको प्रजातान्त्रिक विचार समाजले पछिल्लो समय आवधिक निर्वाचनलाई स्वीकार गर्न नसकेको बताउनुभयो।




वरिष्ठ पत्रकार तारानाथ दाहालले जेनजी आन्दोलन नेपालको प्रजातान्त्रिक इतिहासमा ऐतिहासिक आन्दोलन भएकाले जेनजी आन्दोलनलाई आत्मसाथ गरेर अगाडि बढ्नुपर्ने बताउनुभयो। आगामी निर्वाचनलाई सफल बनाउनका लागि हामी सबै लाग्नुपर्ने उहाँको भनाइ थियो। निर्वाचन गराउने दायित्व सरकारसँगै राजनीतिक दलको समेत भएको उहाँले बताउनुभयो।

समाजका संस्थापक सदस्य श्रीहरि अर्यालले कांग्रेसले मुलुकको नेतृत्व गर्नका लागि पार्टीभित्रको विधानलाई कार्यान्वयन गर्नतर्फ लाग्नुपर्ने बताउनुभयो। तत्कालका लागि कांग्रेसले महाधिवेशन गरेर निर्वाचन जानुपर्ने उहाँको भनाइ थियो।

वरिष्ठ अधिवक्ता उपेन्द्रकेशरी न्यौपानेले संविधानभित्रको समस्याको निकाश खोजेर अगाडि बढ्नुपर्ने अवस्था आएको बताउनुभयो। राजनीतिक पार्टीले संविधान संशोधनको एजेण्डालाई लिएर अदालतमा जानसके संसद् पुनःस्थापना हुन सक्नेतर्फ उहाँको थियो। कांग्रेसभित्र नेतृत्व परिवर्तन गरेर निर्वाचन जानुपर्ने उहाँले बताउनुभयो।

वरिष्ठ पत्रकार पुरुषोत्तम दाहालले पार्टीले बौद्धिक समाजसँग छलफल गर्न छाडेको बताउनुभयो। उहाँले भदौ २३ र २४ गतेको घटनालाई पार्टीले सुक्ष्म रुपले अध्ययन गर्नुपर्ने बताउनुभयो। उहाँले पार्टीभित्र अनुहार मात्र फेरेर नहुने प्रवृत्तिगत परिवर्तन सुधार आवश्यक रहेको उल्लेख गर्नुभयो। संविधानलाई जोगाउन निर्वाचनमा जानुपर्ने उहाँको भनाइ थियो।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा जगदीशचन्द्र पोखरेलले प्रविधिले राजनीतिलाई 'गाइड' गरिरहेको बताउनुभयो। प्रविधिमा जो अभ्यस्त छैन त्यसलाई पुरानो पुस्ताका रुपमा लिनुपर्ने उहाँको भनाइ थियो।

नेपाल शिक्षक महासङ्घका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले राजनीतिक दलले विकल्प दिन नसकेकाले जेनजी आन्दोलन भएको बताउनुभयो। संसद् पुनःस्थापनाभन्दा निर्वाचनमै दल जानुपर्ने उहाँले बताउनुभयो। उहाँले आमनागरिकमा आशा जगाउने नयाँ कार्यक्रम र नयाँ अनुहार लिएर निर्वाचनमा जानुपर्ने उल्लेख गर्नुभयो।

राजनीतिक विश्लेषक विनोद भट्टराईले पार्टीका नेताभित्र इच्छाशक्ति भए कांग्रेस १५औँ महाधिवेशन समयमै सम्पन्न गर्न सकिने बताउनुभयो। कांग्रेस अहिलेको अवस्थामा यहि नेतृत्वलाई लिएर चुनावमा गए पार्टीले सुखद् नतिजा ल्याउन नसक्ने बताउनुभयो।

समाजका पूर्वअध्यक्ष जीवराज कोइरालाले देशको परिस्थिति जटिल मोडमा गएकाले कांग्रेसले निर्वाचनअघि महाधिवेशन गरेर निर्वाचनमा होमिनुपर्ने बताउनुभयो। वरिष्ठ पत्रकार तेजप्रसाद पण्डितले आन्दोलनको मर्म र भावनाअनुसार कांग्रेसलाई अगाडि बढाउनुपर्ने बताउनुभयो। कांग्रेसले नेतृत्व परिवर्तन गरेर निर्वाचनमा जानुपर्ने उहाँको भनाइ थियो।

समाजका वरिष्ठ उपाध्यक्ष गोकर्ण अर्यालले विसं २०५२ मा स्थापना भएको समाजले लोकतान्त्रिक विधि र पद्धतिलाई आत्मसाथ गर्दै अगाडि बढेको बताउनुभयो। जेनजी आन्दोलनपछि उत्पन्न परिस्थितिको बारेमा राय, सुझाव समेट्ने काम समाजले गरिरहेको उहाँको भनाइ छ।

समाजका अध्यक्ष कुलचन्द्र वाग्लेले सरकारले प्रतिनिधिसभाको निर्वाचन घोषणा गरिसकेकाले निर्वाचनका लागि अनुकूल वातावरण बनाउन चुनावी सरकारको भूमिका र निर्वाचनमा दलहरुको सहभागिता सम्बन्धमा समाजले निरन्तर छलफल गर्दै आइरहेको बताउनुभयो।रासस

# स्वास्थ्य क्षेत्र सुधार्न मन्त्री डा गौतमको दुईमहिने कार्ययोजना

काठमाण्डु। स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री डा सुधा गौतमले मन्त्रालयबाट हुने सेवा प्रवाहलाई चाँडो गराउनका लागि 'तत्काल स्वास्थ्य क्षेत्र सुधार कार्य योजना'ल्याउनुभएको छ।

मन्त्री डा गौतमले मन्त्रालयबाट तत्काल एकदेखि दुई महिनाभित्र सेवालाई चाँडो बनाउन योजना ल्याउनुभएको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिनुभयो। उहाँका अनुसार मन्त्री डा गौतमले जेनजी घाइतेको उपचार तथा मनोसामाजिक परामर्श सेवा, सहज, नवजात शिशु मृत्युदर र मातृ मृत्युदर लक्षित विशेष अभियान, सुशासन र सेवा प्रवाह, स्वास्थ्य बिमा सुधार, सार्वजनिक खरिद सुधारसम्बन्धी, वैदेशिक श्रम गन्तव्य मुलुकमा जाने श्रमिकको स्वास्थ्य सुधारलगायतका तत्काल स्वास्थ्य क्षेत्र सुधार कार्ययोजना ल्याउनुभएको हो।



उक्त योजनाअनुसार दुई महिना सञ्चालन गरेर शिशु मृत्युदर र मातृ मृत्युदर उच्च भएका प्रदेश तथा स्थानीय तहमा मृत्युदर रोकथाम तथा न्यूनीकरणका लागि तीन तहका सरकारको समन्वय तथा सहकार्यमा विशेष कार्यक्रम सञ्चालन गर्ने रहेको छ। जेनजी घाइतेलाई सबै सङ्घीय अस्पतालबाट मनोसामाजिक परामर्श सेवा सञ्चालन गर्ने योजनामा उल्लेख गरिएको छ।

डा गौतमले दुई महिनाभित्रमा सङ्घीय अस्पताल एवम् स्वास्थ्य विज्ञान प्रतिष्ठानको सेवालाई नागरिक मैत्री बनाउँदै दुई सिफ्टमा बहिरङ्ग सेवा सञ्चालन गर्ने योजना ल्याउनुभएको मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले जानकारी दिनुभयो।

यस्तै योजना अनुसार निर्माण भई हस्तान्तरण भएका पाँच, दश र १५ शय्याका आधार भूत अस्पताल सञ्चालनका लागि अनुदान उपलब्ध गराउन कार्यविधि स्वीकृत गर्ने उल्लेख छ।

स्वास्थ्य बिमा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि तत्काल द्रुत माध्यमबाट स्वास्थ्य बिमा बोर्डको सङ्गठन संरचना तथा दरबन्दी स्वीकृत गर्ने, एक महिनाभित्र अस्पतालमा रहेका औजार उपकरणको नियमित मर्मतसम्भार गरी अविच्छिन्न सेवा प्रवाहको व्यवस्था मिलाउने योजनामा उल्लेख छ।

यस्तै वैदेशिक श्रमका लागि गन्तव्य मुलुकमा जाने नेपाली नागरिकको स्वास्थ्य हेरचाहका लागि प्रस्थानविन्दु त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा हेल्थ डेस्कबाट श्रम स्वास्थ्य सुरक्षासम्बन्धी अभिमुखीकरण सञ्चालन गर्ने योजनामा उल्लेख गरिएको छ।रासस

# प्रधानमन्त्री कार्कीद्वारा मतदाता नामावली दर्ताको समय थप्न आग्रह



काठमाण्डु। प्रधानमन्त्री सुशीला कार्कीले मतदाता नामावली दर्तामा देखिएको उत्साह र चापलाई ध्यानमा राखी दर्ताको अवधि थप्न निर्वाचन आयोगलाई आग्रह गर्नुभएको छ।

आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीसँग शुक्रबार टेलिफोनमा कुरा गर्दै प्रधानमन्त्री कार्कीले म्याद थपका लागि आग्रह गर्नुभएको उहाँको सचिवालयले जनाएको छ।

आयोगले यही कात्तिक ३० गतेसम्मका लागि नामावली दर्ताको समय निर्धारण गरेको थियो। प्रधानमन्त्री कार्कीको आग्रहपछि कार्यवाहक प्रमुख आयुक्त भण्डारीले पाँच दिन थप्न सकारात्मक रहेको जवाफ दिनुभएको छ।

राष्ट्रिय परिचयपत्रको विवरणका आधारमा मतदाता नामावलीमा नाम दर्ता गराउन मिल्ने भएपछि 'अनलाइन'बाट नाम दर्ता गराउनेको उच्च चाप देखिएको छ। यसैबीच प्रधानमन्त्री कार्कीले 'इन्टरनेट सर्भर'मा देखिएको समस्याका विषयमा पनि आयोगसँग चासो व्यक्त गर्नुभएको थियो। रासस

# मिथ्या सूचना नियमनमा सरकारले थाल्यो 'गृहकार्य'

काठमाण्डु। सरकारले भ्रमपूर्ण र मिथ्या सूचना नियमनका लागि 'गृहकार्य' थालेको छ। त्यसका लागि गृह मन्त्रालयले नेपाल दूरसञ्चार प्राधिकरण, प्रेस काउन्सिल नेपाल र साइबर ब्यूरोसँग संयुक्त छलफल अघि बढाएको हो। शुक्रबार मन्त्रालयमा भएको सर्वपक्षीय बैठकमा गृहमन्त्री ओमप्रकाश अर्यालले सूचनाको हक र प्रेस स्वतन्त्रतामा कुनै असर नपर्ने गरी सूचनाको अनधिकृत प्रयोग र रोकथामबारे धारणा राख्नुभएको थियो।




बैठकले त्यस्ता भ्रामक सूचना नियमनका लागि कार्ययोजना तयार गरी अघि बढ्ने निष्कर्ष निकालेको गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले जानकारी दिनुभयो। बैठकमा सहभागीले सामाजिक सञ्जाल र अन्य 'डिजिटल' माध्यमबाट विभिन्न प्रकारका भ्रामक र हानिकारक सूचना तीव्र रूपमा फैलिने गरेको बताउनुभएको थियो। त्यस्ता सूचनाले व्यक्तिगत प्रतिष्ठा, संस्थागत छवि, सामाजिक सद्भाव र राष्ट्रिय सुरक्षामा प्रतिकूल असर पर्ने देखिएकाले नियमन आवश्यक भएको उहाँहरूको भनाइ थियो।

भ्रामक सूचनाबाट आमनागरिकलाई प्रभावित हुन नदिन 'डिजिटल साक्षरता' अभियानसमेत सञ्चालन गर्नुपर्ने सरोकार भएकाहरूको जोड थियो। बैठकमा गृहसचिव रामेश्वर दङ्गाल, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्याल, नेपाल दूरसञ्चार प्राधिकरणका प्रमुख भूपेन्द्र भण्डारी, गृह मन्त्रालयका सहसचिव आनन्द काफ्ले, प्रेस काउन्सिल नेपालका मुख्य अधिकृत झविन्द्र भुसाल, नेपाल प्रहरीको साइबर ब्यूरो र नेपाल टेलिकमका प्रतिनिधिलगायत सहभागी हुनुहुन्थ्यो।रासस

# मङ्सिरभित्रै १५औँ महाधिवेशन गर्न कांग्रेसका २५ केन्द्रीय सदस्यद्वारा ध्यानाकर्षण

पाटन। आगामी मङ्सिर महिनाभित्र १५औँ महाधिवेशन प्रारम्भ गरी तहगत रुपमा अधिवेशन सम्पन्न गर्न कार्यतालिका बनाई लागू गर्न नेपाली कांग्रेसका २५ केन्द्रीय सदस्यले पार्टी कार्यालय सानेपामा ध्यानाकर्षणपत्र दर्ता गराएका छन्।



पार्टीका केन्द्रीय सदस्य उदयशम्शेर राणासहितका २५ केन्द्रीय सदस्यले शुक्रबार पार्टीको केन्द्रीय कार्यालय सानेपा पुगेर १५औँ महाधिवेशन सम्पन्न गर्न समयसीमा निर्धारण गरेर क्रियाशील सदस्यता नवीकरण र नयाँ क्रियाशील सदस्यता वितरण कार्य सम्पन्न गर्नाका साथै २०८२ फागुन २१ गतेको निर्वाचनलाई परिणाममुखी बनाउन पार्टीको विधानबमोजिम २०८२ मङ्सिरभित्र १५औँ महाधिवेशन प्रारम्भ गरी तहगत रुपमा अधिवेशन सम्पन्न गर्नका लागि कार्यतालिका बनाई लागू गर्न ध्यानाकर्षणपत्र दर्ता गराएका हुन्। ध्यानाकर्षणपत्र दर्तापश्चात् प्रतिक्रिया दिँदै केन्द्रीय सदस्य राणाले पार्टीलाई विधि र पद्धतिअनुसार सञ्चालन गर्दै जनविश्वास जित्नेगरी अगाडि बढ्न मध्यमार्गी बाटोका लागि ध्यानाकर्षणपत्र दर्ता गराएको बताउनुभयो।

"हामीले मध्यमार्गी बाटो अपनाएर अहिलेको समस्या समाधानका लागि ध्यानाकर्षण गराएका हौँ, यो दबाब हैन, धारणा हो, हामीले पार्टीलाई एकबद्ध गराउन मध्यमार्गी बाटो खोजेका हौँ, मध्यमार्गी बाटो लिनुपर्छ र अधिकांश साथीहरूले जटिल अवस्था निम्त्याउनु हुँदैन भनेर धारणा राख्नुभएको छ, विशेष महाधिवेशन गर्दा जञ्जालमा फस्छौँ, मङ्सिर २९ अगावै १५औँ महाधिवेशनको सुरुआत गर्नुपर्ने धारणा राखेका छौँ," उहाँले भन्नुभयो।

केन्द्रीय सदस्य राणाले कांग्रेस केन्द्रीय समितिको मात्रै नभइ धेरै क्रियाशील सदस्य, पार्टीका विभिन्न तहमा रहेका नेता तथा कार्यकर्ताको समेत लगानी, मेहनत र अथक प्रयासले पार्टी जीवन्त रहेको धारणा राख्नुभयो।

"अहिले पार्टीमा विशेष महाधिवेशन र नियमित महाधिवेशन गरेर दुई धार आएका छन्, यी दुई धारबाहेक पनि हामीसँग धेरै विकल्प छन, महाधिवेशनको बाटो तय गर्नुपर्छ, चुनावअघि हामीसँग धेरै समय छैन, घोषणापत्र र पार्टीको अवधारणा तय पनि गर्नुपर्छ, त्यसका लागि समयबद्ध रुपमा काम गर्नुपर्छ," उहाँले भन्नुभयो।

कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई सम्बोधन गरेर बुझाइएको ध्यानाकर्षणपत्रमा केन्द्रीय सदस्य राणासहित राजेन्द्रकुमार केसी, भरतकुमार शाह, अर्जुनप्रसाद जोशी, पुष्पा भुसाल, कर्णबहादुर बुढा, गणेश लामा, आङ्गेलु शेर्पा, डा डिला सङ्ग्रौला, नानु बाँस्तोला, धना खतिवडा, अब्दुल रज्जक, देवेन्द्रराज कँडेल, योगेन्द्र चौधरी, गोपाल दहित, बहादुर सिंह लामा, दिलमान पाख्रिन, अब्दुल सतार, मोहन आचार्य, अमृत अर्याल, जिपछिरिङ लामा, रामजनम चौधरी, चम्पादेवी खड्का र नारायणबहादुर कार्कीले हस्ताक्षर गर्नुभएको छ।रासस

# गण्डकी विश्वविद्यालय पहिलो संशोधन विधेयक २०८२ बहुमतले पारित

गण्डकी। गण्डकी विश्वविद्यालय पहिलो संशोधन विधेयक, २०८२ गण्डकी प्रदेशसभाले बहुमतले पारित गरेको छ।

प्रदेशसभाको शुक्रबारको बैठकमा विधेयकलाई पारित गरियोस् भन्ने प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री विन्दुकमार थापाले गर्नुभएको प्रस्तावलाई सभाको बहुमतले पारित गरेको हो।




यसअघि २०८२ कात्तिक २४ गते प्रदेशसभामा प्रस्तुत भएको विधेयक माथि दफाबार छलफल गरिएको थियो। विधेयक माथिको छलफलमा प्रदेशसभा सदस्यहरू गोविन्दबहादुर नेपाली, महेश भट्टराई, सुशीला सिंखडालगायतले भाग लिनुभएको थियो।

गण्डकी विश्वविद्यालय ऐन, २०७६ लाई समयानुकूल सुधार गर्ने उद्देश्यले तयार गरिएको यस संशोधनले विश्वविद्यालयको नेतृत्व चयन, न्यायिक संरचना र पदाधिकारी नियुक्ति प्रक्रियामा महत्वपूर्ण परिवर्तन गरेको छ।विधेयक माथि उठेका प्रश्नको जवाफ दिँदै गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापाले यस कदमलाई विश्वविद्यालय सुधार यात्राको महत्वपूर्ण उपलब्धि भएको बताउनुभयो।

गण्डकी विश्वविद्यालयलाई सक्षम, पारदर्शी र प्रतिस्पर्धी शैक्षिक केन्द्र बनाउने दिशामा पारित संशोधनले कानुनी आधार थप सबल बनाएको उल्लेख गर्दै उहाँले उच्च शिक्षाको गुणस्तर सुधारका लागि यो विधेयक महत्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो।विधेयकले विश्वविद्यालयको संरचना र पदाधिकारी योग्यता/नियुक्ति प्रक्रियामा विभिन्न संशोधन गरेको छ।रासस

# प्रशान्त किशोर कसरी मैदानमा पुगे, बिहार चुनावमा उनका दाबी किन बेकार गए ?

बीबीसी

काठमाण्डु । चुनावी रणनीतिकारबाट राजनीतिको क्षेत्रमा प्रवेश गरेका प्रशान्त किशोरका लागि बिहार विधानसभा चुनावको नतिजा दुःस्वप्न जस्तै हुनसक्छ।

बिहारमा विगत तीन वर्षदेखि निरन्तर राजनीतिक भ्रमण र भेटघाट गर्दै आएको प्रशान्त किशोरको पार्टीलाई यी चुनावमा ठूलो धक्का लागेको छ । यो बेला प्रशान्त किशोरले भाजपादेखि जेडीयू र टीएमसीसम्म धेरै दलहरूलाई सत्तामा ल्याउने दाबी गर्दै आएका छन्। तर, प्रशान्त किशोरले आफ्नो जनसूरज पार्टीका लागि खासै केही गर्न सकेनन् । चुनावी प्रचारका क्रममा उनले यस पटक बिहारमा परिवर्तन हुने र नितिश कुमार मुख्यमन्त्री नबन्ने दाबी गरेका थिए ।

उनले बिहारमा शिक्षा, रोजगारी र प्रवासलाई ठूलो मुद्दा बनाउन खोजे। उनको जनसूरज पार्टीको चुनाव चिन्ह पनि स्कुल ब्याग हो । उनको जन सुरज अभियानको नारा पनि 'जनताको सुन्दर शासन, बिहार परिवर्तनका लागि' रहेको छ ।



बिहार विधानसभा चुनावमा प्रशान्त किशोरको जनसूरज पार्टीको प्रदर्शन निकै कमजोर रह्यो । पार्टीले बिहारका सबै २४३ सिटमा चुनाव लड्ने योजना बनाएको थियो तर भोटिङअघि नै असफलताको सामना गर्न थाल्यो ।

जनसूरज पार्टीका धेरै उम्मेदवारले उम्मेदवारी फिर्ता लिएकाले प्रशान्त किशोरका लागि अवस्था असहज देखिन थालेको छ। तर, प्रशान्त किशोरले आफ्ना उम्मेदवारलाई धम्की दिएर नाम फिर्ता लिन बाध्य पारेको आरोप पनि लगाए । प्रशान्त किशोरले बीबीसी न्यूजको हिन्दी कार्यक्रम 'द लेन्स' मा आफ्नो पार्टी 'कि त सिंहासनमा हुनेछ वा भुइँमा' भनेका थिए। यसमा उनले आफ्नो पार्टीका लागि १० भन्दा कम वा १७० भन्दा बढी सिट जित्ने दाबी गरेका थिए ।

वरिष्ठ पत्रकार नचिकेता नारायण भन्छन्, "हालसालै प्रशान्त किशोरले गरेका सबै आकलन गलत साबित भएका छन्। उनले २०२४ को चुनावमा भाजपाले ३०० भन्दा बढी सिट पाउने दाबी गरेका थिए, जुन सही साबित भएन।"

उहाँ विश्वास गर्नुहुन्छ, "यस्तो देखिन्छ कि प्रशान्त किशोरले आफ्नो मूल्याङ्कनमा नितिश कुमारको विरुद्ध केही व्यक्तिगत रिस उठाउँदैछन्, किनभने उनी पहिले नितिशको पार्टीमा थिए।" तर, राजनीतिक विश्लेषक तथा टाटा इन्स्टिच्युट अफ सोशल साइन्सका पूर्व प्राध्यापक पुष्पेन्द्र कुमार भने यो नतिजालाई अर्कै दृष्टिकोणले हेर्छन् ।

उनी भन्छन्, 'कसैले प्रशान्त किशोरको पार्टीले राम्रो प्रदर्शन गर्ने अपेक्षा गरेको थिएन, प्रशान्त किशोर आफैंले पनि यस्तो अपेक्षा गरेका थिएनन्, तर यो चुनावले कम्तिमा आफ्नो पार्टीलाई बिहारमा सबैलाई चिनायो ।

पुष्पेन्द्र कुमार भन्छन्, "यस निर्वाचनलाई प्रशान्त किशोरको जनसूरज पार्टीको लन्चिङ प्याडका रूपमा हेरिनुपर्छ र यो उहाँका लागि आफ्ना कार्यकर्ताहरूमा उत्साह जगाउने अवसर थियो।" प्रशान्त किशोरले सुरुमा बिहार विधानसभा चुनावमा राघोपुर सिटबाट पार्टीको उम्मेदवार बन्ने दाबी गर्दै आएका थिए । यो त्यही सिट हो जहाँबाट आर जेडीका तेजस्वी यादवले चुनाव लडेका थिए ।

पीकेको यो कदमलाई साहसी कदमको रुपमा व्याख्या गरिएको छ । दिल्लीमा आम आदमी पार्टीका अरविन्द केजरीवालले नयाँ दिल्ली सिटबाट तीन पटकको मुख्यमन्त्री शीला दीक्षितलाई यस्तै चुनौती दिएका थिए।

केजरीवालले शीला दीक्षितलाई मात्र पराजित गरेनन् तर उनको पार्टीले आफूलाई दिल्लीमा कांग्रेसको महत्त्वपूर्ण विकल्पको रूपमा स्थापित गर्यो।तेजस्वी यादव न त बिहारमा सत्तामा थिए न त धेरै राजनीतिक अनुभव थियो, प्रशान्त किशोर अन्तिम समयमा चुनाव लड्नबाट पछि हटेका थिए।अन्य सिटमा केन्द्रित हुन पार्टी कार्यकर्ताको मागमा आफूले चुनाव लडेको पीकेले बताए ।

वरिष्ठ पत्रकार माधुरी कुमार भन्छिन्, "प्रशान्त किशोरको रणनीति सफल भएन, उनले केजरीवालको ढाँचामा राजनीति गर्ने सोचेका थिए ।

तर उनको बुझाइमा गल्ती भयो। बिहार ठूलो राज्य हो र एक वर्षको मेहनतको आधारमा राजनीतिमा कसैले हावी हुन सक्दैन।" ठ्याक्कै एक वर्षअघि बिहारको चार विधानसभा सीटमा उपचुनाव भएको थियो। बिहारको यो उपचुनाव एक हिसाबले निकै महत्त्वपूर्ण थियो, किनभने प्रशान्त किशोरको जनसूरज पार्टीले पहिलो पटक चुनाव लडेको थियो।

त्यतिबेला तरारी र रामगढको सिट भाजपाको खातामा गएको थियो । इमामगंज सिट जितन राम मांझीको पार्टी हिन्दुस्तानी अवाम मोर्चा अर्थात् ह्याम (सेक्युलर) ले कब्जा गरेको थियो भने बेलागञ्ज सीट जेडीयूको हातमा गयो।

अर्थात् पीकेको पार्टीले कुनै सिट जितेको छैन न त कुनै सिटमा प्रतिस्पर्धामा देखिएको छ । तर कम्तिमा दुई सिटमा विपक्षी उम्मेदवारको पराजयमा यसले महत्वपूर्ण भूमिका खेलेको छ । नतिजा आएपछि प्रशान्त किशोरले पत्रकारहरुसँग भने, 'पचास वर्षदेखि जातीय राजनीति हावी भएको ठाउँमा पहिलो प्रयासमा १० प्रतिशत भोट ल्याउनु हाम्रो जादू हो कि के हो, तपाईं नै निर्णय गर्नुहोस् ।

प्रशान्त किशोरले भने, "हाम्रो पार्टीले दश प्रतिशत भोट पाएको छ भने त्यो मेरो जिम्मेवारी हो, मेरो एक्लैको जिम्मेवारी नभए पनि म पछि हट्ने छैन। यो दश प्रतिशत बढाएर ४० प्रतिशत पुर्‍याउनु पर्छ। त्यो एक वर्ष होस् या पाँच वर्षमा।"

त्यसपछि प्रशान्त किशोरले बिहारमा आफ्नो पार्टीलाई अगाडि बढाउन एक वर्षसम्म प्रयास जारी राखे तर त्यसको नतिजा उनका लागि झट्काभन्दा कम थिएन । यी निर्वाचनमा जनसूरज पार्टीले १० प्रतिशत मत ल्याउने मात्रै नभई यी निर्वाचनको नतिजा लेख्दासम्मको अन्तिम तथ्याङ्क भने खुल्न सकेको छैन, जनसूरजले ५ प्रतिशत मत पनि जुटाउन असफल हुने देखिएको छ ।

माधुरी कुमार भन्छिन्, "कहिलेकाही हावामा कुरा गर्दा पनि काम हुन्छ। विकास भनेको के हो र कसरी हुन सक्छ भन्ने जनताले बुझिसकेका छन्। नीतीश कुमारले बिहारमा विगत २० वर्षमा व्यवस्थित ढंगले विकास गरेको जनताले देखेका छन्।"नचिकेता नारायण भन्छन् कि प्रशान्त किशोरले यस पटक जेडीयूले २५ भन्दा कम सिट पाउने दाबी गरेका थिए र यदि त्यसो भएन भने उनी राजनीति छोड्नेछन्, यद्यपि नितिशको पार्टीले यो भन्दा धेरै सिट पाउने देखिन्छ। अर्थात् पीकेको यो भविष्यवाणी पनि असफल भएको छ ।

**त्यसोभए अब राजनीतिलाई बिदाइ गर्ने ?**

पुष्पेन्द्र कुमार भन्छन्, "मलाई लाग्छ कि प्रशान्त किशोर राजनीतिबाट भाग्ने छैनन्। उहाँ लामो दौडको घोडा हुनुहुन्छ। उहाँले शिक्षित मानिसहरूलाई आफूमा समावेश गर्ने प्रयास गर्नुभएको छ।"

"यस चुनावमा उनीहरूका लागि एउटा खुसीको खबर यो हो कि बिहारको मुख्य विपक्षी दल राजद एकदमै कमजोर भएको छ, त्यसैले अब उनीहरूका लागि पहिलो विपक्षी स्थान कब्जा गर्ने लक्ष्य हुनेछ, जुन अलि सजिलो देखिन्छ।" यद्यपि, पुष्पेन्द्र कुमार राजदका मूल मतदाताहरू अझै पनि यससँग जोडिएको विश्वास गर्छन्, जुन यी चुनावमा प्राप्त भोटबाट देखिन्छ।

यसको तुलनामा सत्तारुढ दल बीजेपी र जेडीयूसँग जोडिएको भोटमा खलल पार्न पीकेलाई अलिकति सजिलो हुन सक्छ, तर भविष्यमा जे पनि गर्नु प्रशान्त किशोरका लागि चुनौतीपूर्ण हुनेछ।

जबकि नचिकेता नारायण बिहारमा प्रतिपक्ष कमजोर भएकाले अहिलेको मतपरिणामपछि विपक्षी दल र प्रशान्त किशोरलाई विपक्षीसँग समन्वय गर्न सहज हुने विश्वास छ । उनी भन्छन्, "अहिलेको नतिजा एए को दृष्टिकोणबाट धेरै अप्रत्याशित छैन। हो, सत्तारूढ दलका लागि यति धेरै सीटहरू पाउनु पक्कै पनि स्तब्ध हो। यी सबै सत्ता विरोधी उपायहरू पछि पनि महाराष्ट्र, मध्य प्रदेश, गुजरात र हरियाणा जस्ता परिणामहरू हुन्।"

"यस्तो अवस्थामा पीकेले के गर्छ भनेर जान्नको लागि हामीले केही समय कुर्नुपर्नेछ। हामीले उहाँको बारेमा विगत ३-४ वर्षदेखि मात्रै थाहा पाएका छौं, कम्तिमा बिहारका मानिसहरूलाई उहाँ पहिले के गर्थे भन्ने बारेमा धेरै जानकारी छैन। त्यसैले अब उहाँले के गर्नुहुन्छ भन्न सजिलो छैन।

# दिल्ली विस्फोटपछि काश्मीरमा भारतीय प्रहरीको व्यापक छापामारी

एएफपी

नयाँदिल्ली । भारतको राजधानीमा एक दशकभन्दा बढी समयपछिको सबैभन्दा घातक विस्फोट भएको केही दिनमै भारतीय प्रहरीले विवादित काश्मीरमा प्रतिबन्धित इस्लामवादी राजनीतिक पार्टीलाई लक्षित गर्दै व्यापक छापा मारेको छ ।

सोमबार ऐतिहासिक लालकिल्ला नजिक पुरानो दिल्ली क्षेत्रमा भएको विस्फोटमा कम्तीमा १२ जनाको मृत्यु भएको थियो । प्रहरीको पछिल्लो अपरेसन सो विस्फोटसँग प्रत्यक्ष रूपमा जोडिएको छ भन्ने पुष्टि नभए पनि सरकारले यस घटनालाई 'जघन्य आतङ्ककारी कृत्य' भन्दै 'राष्ट्रविरोधी शक्तिहरू' जिम्मेवार रहेको टिप्पणी गरेपछि सुरक्षा कडाइका नयाँ कदमस्वरूप छापा सुरु गरिएको बताइएको छ ।

भारत प्रशासित काश्मीरका विभिन्न जिल्लामा बुधबारदेखि धेरै स्थानमा छापामारी गरिएको जिल्ला प्रहरीले जनाएको छ । काश्मीर क्षेत्र सन् १९४७ मा ब्रिटिस शासनबाट दुवै देश स्वतन्त्र भएयता भारत र पाकिस्तानबीच विभाजित छ र दुवैले यस हिमाली क्षेत्रमाथि पूर्ण दाबी गर्दै आएका छन् । नयाँदिल्ली-इस्लामाबादबीच तनाव निरन्तर उच्च छ ।

अवन्तीपोर, बन्दिपोर, गान्दरबल, शोपियाँ र सोपोरलगायत जिल्लाका प्रहरी कार्यालयहरूले जारी गरेका विज्ञप्तिका अनुसार यी छापाहरू जमात-ए-इस्लामी (जेइआई) लाई लक्षित थिए । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको हिन्दू-राष्ट्रवादी सरकारले सन् २०१९ मा जेइआई-कश्मीर शाखालाई 'गैरकानूनी सङ्गठन' घोषणा गरी प्रतिबन्ध लगाएको थियो ।

अवन्तीपोर प्रहरीले जारी गरेको विज्ञप्तामा 'आतङ्कवादी इकोसिस्टम र त्यसलाई समर्थन गर्ने संरचना नष्ट गर्न' धेरै ठाउँमा 'लार्ज-स्केल अपरेसन' चलाइएको उल्लेख छ । बन्दिपोर प्रहरीले 'आपत्तिजनक सामग्री' जफत गरेको जनाएको छ भने सोपोर प्रहरीले ३० भन्दा बढी स्थानमा खोजी गर्दै 'जमात-ए-इस्लामी-सम्बन्धित नेटवर्कहरू विरुद्ध ठूलो अपरेसन' गरेको बताएको छ ।

यससँगै, राजधानी दिल्लीको दक्षिणी बाहिरी क्षेत्रमा पर्ने फरीदाबादस्थित अल-फलाह विश्वविद्यालयमा पनि छापामारी गरिएको छ ।

सुरक्षा बलहरूले शुक्रबार काश्मीरको पुलवामा जिल्लामा एउटा घर ध्वस्त पारेका छन् । यद्यपि प्रहरी पक्षबाट यसबारे औपचारिक टिप्पणी आएको छैन । अघिल्ला घटनाहरूमा कानून कार्यान्वयन निकायहरूले आक्रमणमा संलग्न भएको आरोपितहरूका संरचना नष्ट गर्ने गरेको इतिहास छ ।



सोमबारको विस्फोटको अनुसन्धान भारतको राष्ट्रिय अनुसन्धान एजेन्सी (एनआइए) ले नेतृत्व गरिरहेको छ । सरकारले 'अपराधीहरू, तिनका सहयोगी तथा प्रायोजकहरूलाई' न्यायको कठघरामा ल्याइने प्रतिबद्धता व्यक्त गरेको छ । तर अहिलेसम्म यो आक्रमण स्वदेशी समूहले गरेको हो वा विदेशी समन्वय थियो भन्नेबारे स्पष्ट विवरण सार्वजनिक गरिएको छैन ।

# किएभमा 'ठूलो' रूसी आक्रमण, एकको मृत्यु, दर्जनौं घाइते

एएफपी

किएभ । युक्रेनी राजधानी किएभ शुक्रबार बिहान 'ठूलो' आक्रमणको सिकार बनेको किएभका मेयरले जानकारी दिएका छन् ।

एएफपीका पत्रकारहरूले सहरको केन्द्रमा शक्तिशाली विस्फोटहरू सुनेलगत्तै गरिएको प्रारम्भिक रिपोर्टअनुसार एक जनाको मृत्यु भइसकेको छ भने कम्तीमा १५ जना घाइते भएका छन् ।

सन् २०२२ मा युक्रेनमाथि पूर्ण सैन्य आक्रमण आरम्भ गरेयता मस्कोले हाल विशेषगरी ऊर्जा संरचना, रेल प्रणाली तथा आवासीय क्षेत्रहरूमा आक्रमण तीव्र पार्दै आएको छ । शुक्रबार बिहानको आक्रमणमा मिसाइल तथा ड्रोनहरूले किएभको महत्त्वपूर्ण पूर्वाधारलाई लक्षित गरिएको किएभ क्षेत्रीय सैन्य प्रशासनका प्रमुख माइकोला कलास्निकले बताउनुभयो ।

मेयर भिटाली क्लिट्स्कोले आक्रमणलाई 'ठूलो शत्रु आक्रमण' भन्दै हवाई रक्षा प्रणाली पूर्ण सक्रिय रहेको जानकारी दिनुभयो । युक्रेनी आपतकालीन सेवाले आगलागी र विनाशबाट '४० भन्दा बढी नागरिकको उद्धार गरिएको' बताउँदै एक जनाको मृत्यु र अन्य धेरै घाइते भएको पुष्टि गरेको छ ।

यसअघि मेयरले किएभका १० मध्ये आठ जिल्लामा भवनहरूमा क्षति तथा आगलागी भएको उल्लेख गर्नुभएको थियो । मेडिकल आपतकालीन टोलीहरू ती सबै क्षेत्रमा तैनाथ छन् । घाइतेमध्ये एक गर्भवती तथा एक पुरुषको अवस्था अत्यन्त गम्भीर रहेको बताइएको छ । उत्तर-पूर्वी डेस्न्यान्स्की जिल्लाका केही भवनहरू तातोपानी सेवा अभावमा रहेको उल्लेख गर्दै मेयरले 'तताउने सञ्जालका केही भागहरू क्षतिग्रस्त भएको' बताउनुभएको छ ।

# बिहारको 'फिनिक्स' नितिश कुमारः विकास र समावेशी शासनले एनडिए पुन: सत्तातर्फ

एएनआई

नयाँदिल्ली । सन् २०२५ को बिहार विधानसभा चुनाव मुख्यमन्त्री नितिश कुमारको दुई दशकभन्दा बढी लामो राजनीतिक यात्राका लागि महत्त्वपूर्ण लिटमस टेस्टका रूपमा प्रस्तुत भएको छ । विगत २० वर्षयता प्रत्येक चुनावमा राज्यको राजनीतिक धारलाई आफ्नो नेतृत्व वरिपरि केन्द्रित राख्न सफल नितिश कुमार यसपटक पनि विकास र समावेशी शासनका आधारमा मतदाताको विश्वास जित्न सफल देखिनुभएको छ ।



विपक्षीहरूले प्रायः उहाँलाई 'पल्टु राम' भनेर आरोप लगाए पनि नितिश कुमारले आफ्ना वाचा पूरा गर्दै ग्रामीण पूर्वाधार सुधार, प्रत्यक्ष वित्तीय सहयोग तथा सामाजिक सुरक्षा योजनामार्फत मजबुत जनआधार कायम राख्नुभएको छ । स्थिर प्रगति, मूर्त विकास र जिम्मेवार नेतृत्वका कारण मतदाताले उहाँप्रति निरन्तर विश्वास राख्दै आएका छन् ।

विधवा, वृद्ध तथा अपाङ्गता भएका नागरिकका लागि पेन्सन, विद्यालयका रात्रिकालीन गार्ड र पिटी शिक्षकको तलब दोब्बर, करिब एक करोड महिलालाई १० हजार रुपैयाँ सहयोग जस्ता हालैका योजनाहरूले जनमानसमा सकारात्मक छाप छोडेको छ । यसले उच्च जाति, कुशवाहा, पासवान, मुसहर, मल्लाहदेखि मुस्लिम समुदायसम्म तह-तहमा समर्थन विस्तार गर्न सहयोग गरेको छ ।

विकास-केन्द्रित शासनशैली, शिक्षा-स्वास्थ्यमा सुधारका ठोस परिणाम, सीमान्तकृत वर्गप्रति निरन्तर पहुँच र बदलिँदो राजनीतिक परिस्थितिमा अनुकूलन गर्ने क्षमता उहाँको दीर्घकालीन लोकप्रियताका मुख्य आधार बनेका छन् ।

यही कारण प्रारम्भिक चुनावी नतिजाले पनि एनडिएलाई सशक्त प्रदर्शनतर्फ देखाएको छ । बिहान ११ बजेसम्म जेडियु ७७ सिटमा अगाडि रहँदा एनडिए गठबन्धन १८० सिटभन्दा बढीमा अग्रता हासिल गर्दै स्पष्ट बहुमतको सङ्केत दिइरहेको थियो । सन् २०२० को तुलनामा जेडियुले ३४ सिटको अग्रताले '२५ से ३०, फिर से नितिश' भन्ने नारा केवल प्रचारमै सीमित नभएको पुष्टि गरिदिएको छ ।

यसपटक ६७.१३ प्रतिशत ऐतिहासिक मतदान भएको छ । यसलाई विश्लेषकहरूले सत्ता विरोधी भावनाभन्दा प्रतिस्पर्धात्मक उत्साहको परिणाम ठानेका छन् । मुस्लिमसहित परम्परागत रूपमा एनडिएप्रति अरुचि देखाउने समुदायहरूले समेत विकासमुखी योजनाका कारण नितिश कुमारमाथि विश्वास कायम राखेको देखिन्छ । राजनीतिक यात्राको सुरुदेखि नै उहाँ समावेशी सोच र पिछडिएको वर्गको आवाज बन्नुभएको हो । जेपी आन्दोलनमा सक्रिय भूमिका, जनता पार्टी हुँदै राज्य-केन्द्र दुवै सरकारका जिम्मेवारी तथा रेलमन्त्रीका रूपमा वरिष्ठ नागरिक र अशक्त यात्रुका सुविधामा सुधार जस्ता 'सामाजिक उत्तरदायित्व' आधारित निर्णयहरूले उहाँलाई राष्ट्रिय स्तरमै पहिचान दिलाएको थियो ।

सन् २००० मा मात्र सात दिन टिकेको पहिलो मुख्यमन्त्री कार्यकालबाट सुरु भएको चुनौतीपूर्ण अध्याय नितिश कुमारको राजनीतिक मोड बन्न पुगेको थियो । सन् २००५ पछि निरन्तर नेतृत्व सम्हाल्दै उहाँ शुक्रबार बिहार इतिहासको सबैभन्दा दीर्घकालीन मुख्यमन्त्रीमध्ये उभिनुभएको छ । पुनः निर्वाचित भएमा उहाँ सिक्किमका पवन चामलिङ, ओडिसाका नवीन पटनायक र पश्चिम बङ्गालका ज्योति बसुजस्ता दिग्गज नेताहरूको सूचीमा प्रवेश गर्नुहुनेछ ।रासस

# हसिना मुद्दाको विरोधमा अवामी लिगद्वारा आह्वान गरिएको 'लकडाउन' ले बङ्गलादेश ठप्प

एपी

ढाका । बहिष्कृत प्रधानमन्त्री शेख हसिना र उहाँकै पूर्व सत्तारूढ अवामी लिग पार्टीले गत वर्षको विद्यार्थी नेतृत्वको आन्दोलनमा भएको दमनसम्बन्धी मुद्दाको विरोधमा राष्ट्रव्यापी 'लकडाउन' आह्वान गरेपछि बङ्गलादेशभर कक्षा, यातायात र दैनिक गतिविधि बिहीबार व्यापक रूपमा अवरुद्ध भएका छन् ।

हसिनाले सन् २०२४ को अगस्टमा १५ वर्ष लामो शासन समाप्त गराएको विद्यार्थी-विद्रोहमाथि दमन गरेको भन्दै मानवता विरुद्धको अपराधको मुद्दा सामना गरिरहनुभएको छ । उहाँ त्यसबेलादेखि भारतमा निर्वासनमा बस्दै आउनुभएको छ र सार्वजनिक रूपमा देखिनुभएको छैन ।

ढाकास्थित विशेष न्यायाधिकरणले उहाँविरुद्धको मुद्दामा सोमबार फैसला सुनाउने अपेक्षा गरिएको मुख्य अभियोजक ताजुल इस्लामले पत्रकार सम्मेलनमार्फत जानकारी दिनुभयो । यसअघि नै प्रतिबन्धित अवामी लिगले आफ्ना समर्थक र आम नागरिकलाई विरोधमा सहभागी हुन आह्वान गरेको थियो, जसलाई अन्तरिम सरकार र विपक्षी दलहरूले रोक्ने घोषणा गरेका छन् ।

सुरक्षामा कडाइ गरिएपछि ढाका तथा प्रमुख सहरहरूमा सार्वजनिक यातायात लगभग ठप्प रह्यो । विद्यालयहरूले अनलाइन कक्षा र परीक्षालाई वैकल्पिक उपायका रूपमा अपनाए । सहरभर भिडभाड न्यून रहेको र धेरै सडक प्रायः खाली देखिएको रिपोर्ट गरिएको छ ।



हसिनाको पैतृक घर र अवामी लिगको मुख्य गढ रहेको गोपालगञ्जमा सरकारी भवनमा पेट्रोल बम फ्याँकिएको पुष्टि गरिएको छ । त्यस्तै, वर्तमान अन्तरिम नेता मुहम्मद युनुसले स्थापना गर्नुभएको ग्रामीण बैंकको एउटा कार्यालय बुधबार पूर्वी बङ्गलादेशमा आगजनीको सिकार बनेको स्थानीय सञ्चार माध्यमले जनाएको छ ।

युनुसले बिहीबार राष्ट्रिय प्रसारणमार्फत सम्बोधन गर्दै फेब्रुअरीमा हुने अर्को आमचुनाबाटै राजनीतिक दलहरूले गत महिना हस्ताक्षर गरेको 'जुलाई राष्ट्रिय चार्टर' सम्बन्धी जनमतसङ्ग्रह गरिने जानकारी दिनुभयो । यसका लागि मिति घोषणा भने गरिएको छैन । चार्टरले द्विसदनीय संसद्को प्रस्तावसमेत राखेको छ । युनुसले हसिनालाई कानूनी रूपमा उत्तरदायी बनाउने आफ्नो वाचा पनि दोहोर्‍याउनुभयो ।

देशमा लगातार तीन दिनदेखि कच्चा बम तथा सवारीसाधनमा आगजनीका घटना भइरहेका छन् । यसले राजनीतिक तनाव अझ चर्किँदै गएको सङ्केत गर्छ । बुधबार साँझ ढाकामा रेल र बसमा आगो लगाइएका घटनाहरू रिपोर्ट भएका थिए भने ढाका विश्वविद्यालय परिसरमा अघिल्लो दिन कच्चा बम विस्फोट भएको थियो ।

बिहीबार बिहान ढाकास्थित विशेष न्यायाधिकरण परिसरमा सैनिक तथा अन्य सुरक्षाकर्मीहरू कडा निगरानीमा तैनाथ गरिएका थिए । त्यहाँ पूर्व गृहमन्त्री असदुज्जमान खान तथा पूर्व प्रहरी प्रमुख चौधरी अब्दुल्लाह अल-मामुन संलग्न मुद्दाको सुनुवाइ भइरहेको छ । अल-मामुनलाई कडा सुरक्षासहित न्यायाधिकरणमा हाजिर गराइएको छ भने खान भारतमा रहेको विश्वास गरिन्छ । दुवैलाई अनुपस्थितमै मुद्दा चलाइएको हो ।

सयौं जनाको मृत्यु भई हप्तौंसम्म चलेको हिंसापछि हसिनाको पतन भएको थियो । अन्तरिम सरकारले फेब्रुअरीमा संसदीय चुनाव गर्ने घोषणा गरेको छ तर अवामी लिगले आफूलाई चुनावमा सहभागी हुन नदिएर दमन गरिएको दाबी गर्दै सामाजिक सञ्जालबाट अभियान चलाइरहेको छ । पार्टीका अनुसार हजारौं समर्थक पक्राउ परेका छन् ।

मुख्य अभियोजकले हसिनालाई 'विद्रोहकालीन मानवता विरुद्धका अपराधकी मास्टरमाइन्ड' बताउँदै मृत्युदण्डको माग गर्नुभएको छ । अवामी लिगले न्यायाधिकरणलाई 'कङ्गारू अदालत' भनेको छ । हसिनाले वकिल नियुक्त गर्न अस्वीकार गर्नुभएको छ र राज्यद्वारा नियुक्त वकिलको आलोचना गर्नुभएको छ ।

संयुक्त राष्ट्रसङ्घको प्रतिवेदनअनुसार उक्त हिंसामा एक हजार ४०० जनासम्मको मृत्यु भएको अनुमान गरिएको छ । अन्तरिम सरकारका स्वास्थ्य सल्लाहकारहरूले ८०० भन्दा बढी मृतक र झन्डै १४ हजार घाइतेको पुष्टि गरेका छन् । हसिनाले यी तथ्याङ्कमा विवाद गर्दै स्वतन्त्र छानबिनको माग गर्नुभएको छ ।

हालै भारतीय सञ्चार माध्यमले इमेलमार्फत हसिनासँग गरिएको अन्तर्वार्ता प्रकाशित गरेका छन् । यसले बङ्गलादेश सरकारलाई असन्तुष्ट बनाएको छ । ढाकास्थित भारतीय दूतावासका उप-उच्चायुक्तलाई बोलाई ढाकाले आफ्नो गम्भीर चिन्ता व्यक्त गरेको छ ।

अन्तर्वार्तामा हसिनाले युनुसमाथि इस्लामवादीहरूलाई समर्थन गरेको तथा मानव अधिकार उल्लङ्घन गरेको आरोप लगाउनुभएको थियो ।

## थारू महिलाको पौरख :
# नेपालगञ्जलाई अर्ग्यानिक स्वाद

राँझा। नेपालगञ्ज सहरको व्यस्तता र आयातित तरकारीको भीडमा बाँके र बर्दियाका ग्रामीण भेगका थारू महिलाले उत्पादन गरेको अर्ग्यानिक तरकारी फरक पहिचान र स्वाद बोकेर आएको छ।

थारू महिलाको मिहिनेतले उत्पादन भएको यो ताजा उपजले अहिले नेपालगञ्जवासीलाई मात्रै लोभ्याएको छैन, महिला सशक्तीकरण र आत्मनिर्भरताको सुन्दर उदाहरण पनि प्रस्तुत गरेको छ। प्रत्येक दिन बिहानीपख नेपालगञ्जको धम्बोझी चोक क्षेत्रमा थारू महिलाहरूको एउटा मिनीबजार नै लाग्ने गर्छ।

विषादीरहित र ताजा तरकारीको खोजीमा रहेका उपभोक्ताको यहाँ लर्को लाग्ने गर्दछ। नेपालगञ्ज उपमहानगरपालिका-२ निवासी सुनीलसिंह हमाल विगत तीन वर्षदेखि आफ्नो भान्सामा यही गाउँको अर्ग्यानिक तरकारीको माग बढेपछि बाँके र बर्दियाका ग्रामीण भेगका थारू महिलाले आफैँले उत्पादन गरेर बजारमा पुर्याउन थालेका छन्।

बर्दिया बढैयाताल गाउँपालिका-३ की महिला वडासदस्य दुसानी थारू त जनप्रतिनिधि भएर पनि दैनिक बर्दियाबाट नेपालगञ्ज अर्ग्यानिक तरकारी ल्याएर बिक्री गर्नुहुन्छ। उहाँ विगत १० वर्षदेखि कृषि पेसामा संलग्न हुनुहुन्छ। उहाँको भनाइमा पहिले साइकलमा राखेर चोकचोकमा पुर्याउनुपर्ने तरकारी अहिले धम्बोझीमा सहजै बिक्री हुन्छ। विभिन्न किसिमका तरकारी बिक्री गरेर मासिक रु १५ देखि २० हजारसम्म आम्दानी गर्न उहाँ सफल हुनुभएको छ।

बर्दिया राजापुरकी श्यामकली थारू तरकारी बेचेर घरखर्च जुटाउन सहज भएको बताउनुहुन्छ। गाउँबाट ल्याएको तरकारी तत्काल बिक्री भई राम्रो आम्दानी हुन थालेपछि



तरकारी पाक्ने गरेको अनुभव सुनाउनुहुन्छ। उहाँका अनुसार यो कार्य आर्थिक कारोबारमात्र नभइ थारू महिलाको सेवाभाव पनि हो।

मौसमअनुसार महिलाहरूले बिक्री गर्ने तरकारीमा बोडी, फर्सी, लौका, घिरौला, तीतेकरेलो, तोरी र भाजीको साग, काँक्रालगायत उपज प्रमुख छन्। यसबाहेक उनीहरूले अरहर र मसुराको दाल पनि बिक्री गर्ने गरेका छन्।

ग्रामीण क्षेत्रका थारू महिलाका लागि यो कृषि पेसा केवल जीविकोपार्जनको साधनमात्र नभई स्वावलम्बनको आधार बनेको छ।
बाँकेको बैजनाथ गाउँपालिका नौबस्तामा घरवरिपरि तरकारीखेती गरिरहेकी वसन्ती थारू परिवारको जीविकोपार्जन तरकारी बिक्रीबाटै चलेको छ। यो पेसातर्फ अधिकांश थारू महिला आकर्षित भइरहेका छन्।नेपालगञ्जको धम्बोझी क्षेत्रमा तरकारी बिक्री गर्ने थारू महिलाले भारतीय बजार रूपैडिहाको तरकारी बिक्रेताले पनि सँगै राखेर बिक्री गर्दा आफूहरूलाई समस्या भएको गुनासो गरेका छन्।

नेपालगञ्ज उपमहानगरपालिकाका प्रवक्ता प्रमोद रिजालले थारू महिलाहरूको यो मिहिनेत र अर्ग्यानिक तरकारी उपलब्ध गराउने कार्य सराहनीय रहेको बताउनुभयो। उहाँले उनीहरूले उत्पादन गरेको तरकारी व्यवस्थित रूपमा बिक्री वितरणको व्यवस्था गराउन उपमहानगरपालिकाले आवश्यक पहल गरिरहेको जानकारी दिनुभयो।रासस

# 'उद्यमीहरुकी गुरुआमा' निर्मला

**"एकातिर आम्दानी बढ्यो, अर्कातिर मलाई पनि सीप सिकाइदिनु भन्दै महिला दिदीबहिनी र संघसंस्था धाउन थाले। बल्ल आफ्नो सपना पूरा हुन थाल्यो भनेर म झनै उत्साही भएर लागेँ।"**

झापा। हँसिलो अनुहार, मिजासिलो व्यवहार र दर्बिलो आत्मविश्वास भएकी निर्मला चौहान भण्डारी 'उद्यमीहरुकी गुरुआमा' भनेर चिनिनुहुन्छ। मेचीनगर नगरपालिका-१२ निवासी उहाँले विगत एक दशकमा चार सयभन्दा बढी महिलालाई आफूले जानेको सीप र अनुभव सिकाएर उद्यमी बनाउनुभएको छ। "चुलो र भान्सामा सीमित महिला दिदीबहिनीहरुलाई आफ्नै खुट्टामा उभिन सबैभन्दा पहिला आवश्यक कुरा उद्यमशील बन्ने सीप हो", उहाँ भन्नुहुन्छ, "पुरुषले कमाउँछन् र महिलाले त्यसमै निर्भर हुनुपर्छ भन्ने पुरातन सोचमा परिवर्तन ल्याउन मैले तालिम र उद्यमशीलताको अभियान नै चलाएको छु।"

उहाँ आफूले सञ्चालन गर्ने तालिम र उत्पादन हुने वस्तुमा स्थानीय स्रोतको प्रयोग गर्नुहुन्छ। मकैको खोसेला, धानको पराल, रुद्राक्षको दाना, केराको दाम्चाको रेसाजस्ता सामग्रीबाट उहाँ आकर्षक झोला, गुन्द्री, पिरा, चप्पल, फूल र सजावटका सामानहरु बनाउन सिकाउनुहुन्छ। घर वरिपरि खेर गइरहेका यस्ता कच्चा पदार्थको उपयोगबाट कलात्मक सामग्री उत्पादन हुँदा मुनाफा राम्रो पाइने र वातावरण संरक्षणमासमेत ठूलो योगदान पुग्ने उहाँको धारणा रहेको छ।

धुप, साबुन, सरफ, हार्पिक, फिनेललगायतका दिनहुँ घरमा काममा आउने सामान बनाउनसमेत उहाँले तालिम दिँदै आउनुभएको छ। गाउँघरमै पाइने तरकारीहरुबाट स्वादिला अचार बनाउने तालिम उहाँले प्रदान गर्दै आउनुभएको छ। उहाँले यस्ता तालिम झापा जिल्लामा मात्र नभएर कोशी प्रदेशका विभिन्न जिल्लामा सञ्चालन गर्दै आउनुभएको छ। खासगरी ग्रामीण क्षेत्रका सयौँ महिला उहाँबाट सीप सिकेर आयआर्जन गर्ने तहसम्म लाभान्वित भइसकेका छन्।

सीप सिक्ने र सिकाउने उहाँको यो यात्रा एकाएक सुरु भएको होइन। विद्यार्थी जीवनदेखि नै उहाँ धागो र कपडासँग खेल्न रुचाउनुहुन्थ्यो। विसं २०५५ तिर इलाम क्याम्पसमा अध्ययन गर्दै गर्दा उहाँमा सामाजिक काम गर्ने र आत्मनिर्भरताका लागि आफू उदाहरण बनेर अरुलाई प्रेरित गर्ने चाहना पलाएको थियो। २०५६ सालमा विवाह गरेर मेचीनगर आएपछि उहाँले २०६४ सालमा घरेलु कार्यालय झापाले आयोजना गरेको उद्यमशीलतासम्बन्धी १० दिने तालिम लिनुभयो। त्यही तालिमले नै उहाँको



जीवनलाई नयाँ मोड दिएको देखिन्छ।

"हरेक महिलाका लागि क्याम्पसमा पढ्दा र बिहे गरेपछिको अवस्थामा परिवर्तन हुन्छ", उहाँ भन्नुहुन्छ, "मैले चाहिँ बिहे गरेपछिको अवस्थालाई जीवनको नयाँ अध्याय सुरु गर्ने अवसरका रुपमा लिएँ। पहिला आफू आत्मनिर्भर हुने र गाउँका दिदीबहिनीलाई पनि त्यही बाटोमा डोहोर्‍याउने सङ्कल्पका साथ तालिमको भरपुर सदुपयोग गरेँ। यसमा परिवारको दर्विलो साथ थियो।"

विसं २०६५ मा तत्कालीन धाइजन गाउँपालिकामा सगरमाथा सामुदायिक विकास केन्द्र चन्द्रगढीले आयोजना गरेको सात दिवसीय गुडिया बनाउने तालिम लिएपछि निर्मलामा उद्यमी बन्ने सोच आयो। उहाँले तालिमपछि आफ्नै घरमा 'जागरुक लघु उद्योग' स्थापना गर्नुभयो। सुरुआती समयमा उहाँसँग एउटा सिलाई मेसिन मात्र थियो। घरेलु कार्यालयले सहयोगस्वरुप अर्को मेसिन उपलब्ध गराएपछि उहाँले दुई वटा मेसिनबाट गुडिया र झोलाको व्यावसायिक उत्पादन सुरु गर्नुभयो। सुरुसुरुमा त गाउँलेहरुले घरमै उद्योग चल्ने कुरामा पत्यार गरेका थिएनन्।

चिटिक्क परेका झोला र गुडिया उत्पादन हुन थालेपछि गाउँघरमै यसको बिक्री बढ्यो। वल्लो र पल्लो गाउँ हुँदै सहरसम्म निर्मलाको सीप र उत्पादनको चर्चा र प्रशंसा बढ्न थाल्यो। यसबाट उहाँको ख्याति मात्र बढेन, उहाँसँग तालिम लिन र सामान किन्न आउनेको लर्को नै लाग्न थाल्यो। "आफूले उत्पादन गरेको सामान बिक्री हुन थालेपछि मनोबल र उत्साह बढ्दो रहेछ", उहाँले सङ्घर्षमय दिनहरु सम्झदै भन्नुभयो, "एकातिर आम्दानी बढ्यो, अर्कातिर मलाई पनि सीप सिकाइदिनु भन्दै महिला दिदीबहिनी र सङ्घसंस्था धाउन थाले। बल्ल आफ्नो सपना पूरा हुन थाल्यो भनेर म झनै उत्साही भएर लागेँ।" त्यसपछि उहाँ कुशल प्रशिक्षकका रुपमा प्रख्यात हुनुभयो। सयौँ स्थानमा तालिम दिएका महिलालाई उद्योग खोलेर आफ्ना उत्पादनहरु बजार पुर्‍याउन प्रेरित गर्न थाल्नुभयो। सबैले उहाँलाई गुरुआमा भन्न थाले।

उहाँले एक दशकमा पाँच हजारभन्दा बढी महिलालाई आत्मनिर्भर बनाउने तालिम प्रदान गरेको बताउनुभयो। उहाँसँग सीप सिकेका चार सयभन्दा बढी महिलाले घरेलु उद्योग नै सञ्चालन गरिरहेका छन्। "घरमै बसेर थोरै लगानीमा उद्यमी बन्न सकिन्छ भन्ने कुरामा आश्वस्त तुल्याएर सीप सिकाइरहेकी छु", उहाँ भन्नुहुन्छ, "आफैँले सञ्चालन गरेको पुनःजागृति केन्द्र नामक प्रशिक्षण केन्द्र एवं घरेलु उद्योगमा २५ जना महिलालाई प्रत्यक्ष रोजगारीसमेत दिइरहेकी छु। यही सफलता नै मेरो जीवनको सबैभन्दा ठूलो सम्पति हो।"

विसं २०७२ देखि उहाँलाई सरकारी निकायले प्रशिक्षकको रुपमा औपचारिक मान्यता दिएर तालिमहरुमा परिचालन गर्न थाल्यो। पुनः जागृति सीप केन्द्र नामक तालिम दिने संस्था भने विसं २०७८ मा घरेलु कार्यालयमा दर्ता गराउनुभएको थियो। हाल यही केन्द्रमार्फत उहाँको तालिम र प्रशिक्षण अभियान कोशी प्रदेशका १० जिल्लामा फैलिएको छ। मधेस प्रदेशको सिराहा र सप्तरीसम्म पनि पुगेर महिलाहरुलाई सीप सिकाउने र आत्मनिर्भर बनाउने कार्यमा लागिरहेको उहाँले जानकारी दिनुभयो।

उहाँले घरमै बसेर आत्मनिर्भर बन्नेखालका सीपहरुमा महिलाको आकर्षण रहेको र यसबाट महिनामै लाखौँ कमाइ गर्न सकिने बताउनुभयो। "सिन्के धुपको विकल्पमा हामीले स्थानीय क्षेत्रमा खेर गइरहेका फूलपातिलाई सङ्कलन गरी धुलो बनाई बाती बनाइरहेका छौँ", उहाँले भन्नुभयो, "तर स्थानीय सरकारले नीति नबनाउँदा बाहिरको सामग्रीले बजार कब्जा गरेको छ। ग्रामीण महिलाले उत्पादन गरेका वस्तुको बजारका लागि सरकारले सघाउनुपर्ने खाँचो छ।"

सीप सिक्ने इच्छा शक्ति भएका विपन्न, असहाय र अपाङ्गता भएका महिलालाई घरमै पुगेर निःशुल्क सीप सिकाउने र व्यवसायका लागि स्रोत जुटाइदिने कार्यमासमेत आफू लागिरहेको उहाँले बताउनुभयो। कुनै पनि महिलालाई आत्मनिर्भर र उद्यमी बन्न सबैभन्दा परिवारकै साथ हुनुपर्ने उहाँ बताउनुहुन्छ। उहाँले सफल प्रशिक्षक र उद्यमीको रुपमा आफू चिनिनुमा पति राजु भण्डारीको साथ र सहयोग रहेको बताउनुभयो। आवश्यक कच्चापदार्थ ल्याइदिने, बजारीकरणमा सहयोग गर्नेलगायतका काममा पतिको सहयोग रहेको उहाँ बताउनुहुन्छ।

मेची उद्योग वाणिज्य सङ्घको उपाध्यक्ष समेत रहनुभएकी निर्मलाले महिला उद्यमी समिति बनाएर त्यसैमार्फत धेरैलाई तालिम, परामर्श र बजारको पहुँचको विषयमा सहयोग गरिरहेको बताउनुभयो। महिला उद्यमशीलता अभियानमा लाग्नुभएकी निर्मलाको यात्रा लोभलाग्दो र प्रेरणादायी भए तापनि यस क्षेत्रमा चुनौति र समस्याको चाङ पनि कम छैनन्। "हामीले उत्पादन गरेका सामाग्री राम्रा छन् तर बजार छैन," उहाँ भन्नुहुन्छ, "ब्रान्डिङ गर्न सकेका छैनौं। बजारमा प्रतिष्पर्धा गर्न सजिलो छैन। राज्यले प्रोत्साहनको उत्साहजनक नीति र कार्यक्रम ल्याउन सकेको छैन।"

निर्मला स्थानीय सरकारलाई बजार विस्तारका लागि आग्रह गरिरहेको बताउनुहुन्छ। साप्ताहिक रैथाने बजार सञ्चालन गर्नसके स्थानीय उत्पादनको बजार विस्तार हुने र उद्यमी महिलालाई राहत पुग्ने उहाँ बताउनुहुन्छ। जहाँ मेला, महोत्सव लाग्छन् त्यही पुर्‍याएर आफूले उत्पादन गरेका सामग्रीको बिक्री गर्नुपर्ने कतिपय बाध्यता रहेको बताउनुभयो। स्थानीय सरकारसँग धेरैपटक नीति बनाएर उद्यमी महिलालाई सहयोग गर्न आग्रह गरेको बताउनुभयो। महिलाले उत्पादन गरेका झोला नगरमा सञ्चालन हुने विद्यालयका विद्यार्थीसम्म पुग्ने हो भने पनि धेरैले रोजगार पाउने उहाँ बताउनुहुन्छ।

उहाँले सीप सिकाउने र सिक्ने संस्कारले बेरोजगारी घट्ने र महिलाको आर्थिक सशक्तिकरणमा मद्दत मिल्ने बताउनुभयो। उहाँले धेरै महिलाले सीप सिकेर परिवार पाल्न सक्षम भएका उदाहरण दिँदै भन्नुभयो, "मेरो सपना भनेकै हरेक घरका महिला सीप सिकेर आत्मनिर्भर बनुन् भन्ने हो।"

निर्मलाले प्रशिक्षण प्रदान गरेका धेरै महिला अहिले प्रशिक्षककै रुपमा काम गरिरहनु भएको छ। मेचीनगर-१३ की निर्मला खनालले उहाँबाट तालिम लिएर हाल प्रशिक्षकको रुपमा काम गरिरहेको बताउनुभयो। "व्याग र बुटिकसम्बन्धी तालिम दिएर निर्मला दिदीले उद्यमी बनाउनुभयो", उहाँ भन्नुहुन्छ "जतिबेला म सङ्कटबाट गुज्रिरहेकी थिएँ, त्यसबेला उहाँले नै तालिम दिएर हौसला बढाउनुभयो। अहिले उद्यमसँगै प्रशिक्षकसमेत बनेर काम गरिरहेकी छु।" मेचीनगरको नारी कल्याणकारी महिला विकास संस्थाकी अध्यक्ष जानुका ओलीले प्रशिक्षक निर्मला चौहान भण्डारी समाजकी प्रेरणाकी स्रोत र उदाहरणीय व्यक्तित्व भएको बताउनुभयो। उहाँले असहाय र विपन्नलाई तालिम दिएर स्वरोजगार बनाउँदा सयौं महिलाहरु आत्मनिर्भर बन्न सफल भएको बताउनुभयो।रासस

## चरा पाल्ने रहर :
# वनकुखुरा पालनमा ५० लाख लगानी



ढोरपाटन। घर नजिकैको जङ्गलमा फलामे तार बेरेर बनाएको कालिज फार्म। त्यही फार्ममा रातो, हरियो, नीलो र छिर्केमिर्के कालिज दौडने, उफ्रने र उड्ने गर्छन्। एकै ठाउँमा सयौँका सङ्ख्यामा देखिने कालिजले यहाँ आउने धेरैलाई आकर्षित गर्छ। बागलुङको ढोरपाटन नगरपालिका-२ सलामकोटका स्थानीय चुडामणि कँडेलले कालिजपालन गरेको सात वर्ष भयो।

कँडेलले २०७५ सालमा रहरले काभ्रेबाट तीन पोथी र एउटा भाले कालिज ल्याएर पाल्नुभयो। सुरुमा उहाँलाई व्यावासयिक रूपमा पालन गर्छु भन्ने लागेको थिएन। तर पछि धेरै पाल्ने चाहना जागेपछि अहिले उहाँको कालिजपालन व्यवसाय फस्टाउँदै गएको हो। रु २४ हजारमा चारवटा कालिज ल्याएर थालेको व्यवसायमा कँडेलले हालसम्म रु ५० लाख बढी लगानी गरिसक्नुभएको छ। दश रोपनी क्षेत्रफलमा कँडेलले तारबार लगाएर कालिज हुर्काइराख्नुभएको छ।

कालिज व्यवसाय राम्रो हुँदै गएपछि उहाँले चल्लासमेत आफैँ उत्पादन गर्न थाल्नुभएको छ। वनमा पाइने कालिज कँडेलले व्यावसायिक रूपमै पाल्न थालेपछि स्थानीयसमेत दङ्ग छन्। बाह्र वर्ष अगाडि स्थायी रूपमा सरकारी सेवामा प्रवेश गर्नुभएका कँडेल स्वास्थ्यकर्मी हुनुहुन्छ। बिहानबेलुका कालिजको रेखदेख गर्ने उहाँ दिउँसोको समयमा बुर्तिबाङ प्रादेशिक अस्पतालमा काम गर्नुहुन्छ। सानैदेखि चराचुरुङ्गी समाउन र पाल्न रुचि राख्ने कँडेलले कालिजपालनमा थालेपछि टाढाटाढाबाट हर्ने आउनेको सङ्ख्या ठूलो छ।

सात वर्ष अगाडि 'सानो स्वर्ग' नामको फार्म दर्ता गरेर सुरु गरेको व्यवसाय राम्रो हुँदै गएपछि कँडेल उत्साहित हुनुभएको छ। अहिले उहाँको फार्ममा सानाठूला गरी करिब दुई हजार कालिज छन्। एक हजार ५०० बढी त बिक्रीका लागि तयार भएको कँडेलले बताउनुभयो। दसैँतिहारको अवधिमा करिब दुई सय बढी कालिज बिक्री भएको सुनाउँदै पछिल्लो समय कालिज खोज्दै फार्मसम्म धेरै ग्राहक आउने गरेको उहाँले जानकारी दिनुभयो। सुरुमा कालिज बिक्री गर्न निकै समस्या भएको भन्दै अहिले राम्रो बजार पाएको कँडेल बताउनुहुन्छ। प्रतिकालिज रु दुई हजारदेखि रु दुई हजार ५०० सम्ममा बिक्री गर्दै आएको उहाँको भनाइ छ।

"यो पेसा मेरो रहरको पेसा हो, मैले सुरुमा थोरै लिएर पालेको थिएँ, पछि यसलाई व्यावसायिक रूपमा गर्न सकिने सम्भावना देखेपछि फार्म निर्माण गरेर पाल्न थालेको हुँ, सात वर्षमा कालिजपालन कसरी गर्न सकिँदोरहेछ भन्ने बुझियो, कालिजका भाषा पनि बुझ्न थालियो", उहाँले भन्नुभयो, "पहिले धेरै समस्या थियो, अहिले विस्तारै राम्रो हुँदै गएको छ, लगानी पनि बढाउँदै गएको छु।"

केही दिनअगाडि चितुवा फार्ममा पसेर एक सय ५० कालिज मारिदिँदा रु तीन लाख नोक्सानी व्यहोरेको उहाँले सुनाउनुभयो। रुचिले पाल्न थालेको कालिज अहिले आम्दानीको स्रोत बन्न थालेपछि कँडेल खुसी हुनुहुन्छ। कँडेलको कालिजपालनलाई बुबा तुलसीराम कँडेलले साथ दिनुभएको छ। यस वर्ष रु १५ लाखको कालिज बिक्री गर्ने लक्ष्य रहेको चुडामणिले बताउनुभयो। पछिल्लो समय फार्म व्यवस्थित बन्दै गएपछि मागसमेत बढ्दै गएको कँडेलको भनाइ छ। सुरुमा चल्ला व्यवस्थापनमा समस्या भए पनि हाल ह्याचरीमार्फत आफैँ चल्ला उत्पादन गर्ने उहाँ बताउनुहुन्छ। उत्पादन बढ्दै गए पनि बजार पाउन भने मुस्किल पर्ने उहाँले सुनाउनुभयो।रासस

# अवकाशपछि अम्बाखेतीमा रमेका भट्टराई

चितवन।आफ्नो जीवनको महत्वपूर्ण समय कृषि विकास बैङ्कमा सेवा गरेर अवकाश पाएपछि भरतपुर महानगरपालिका-१२ का हिमप्रसाद भट्टराई अहिले अम्बाखेतीमा रमाउन थाल्नुभएको छ।

अध्ययनका क्रममा एमएसी हर्टिकल्चर फुड साइन्स (फलफूल विज्ञान) मा गर्नुभएका भट्टराई अहिले खैरहनी नगरपालिका-५ बुडौलीमा तीन बिगाहा जग्गा भाडामा लिएर अम्बाखेती गर्दै आउनुभएको छ।

वरिपरि कम्पाउन्ड गरेर रासायनिक मलको प्रयोग बिना नै व्यावसायिक रुपमा अम्बाखेती गर्दै आएको उहाँले बताउनुभयो। उहाँले अहिले दुई प्रजातिका अम्बा लगाउँदै आउनुभएको छ। पाँच जना नियमित रोजगारीसहित उहाँले व्यावसायिक रुपमा अम्बाखेती गर्दै आउनुभएको हो। विगत छ वर्षदेखि अम्बाखेती गर्दै आउनुभएका उहाँ उत्पादित अम्बाले बजार पाउन नसक्दा निकै चिन्तित हुनुहुन्छ।

उहाँले भन्नुभयो, "स्थानीय उत्पादन होभन्दा व्यावसायीहरुले विश्वास गर्नुहुन्न।" नेपालमा भारत र चीनबाट अम्बा आउने गरेको बताउँदै उहाँले स्थानीय बारीको उत्पादनलाई समेत बजार दिन व्यवसायीलाई आग्रह गर्नुभयो। अहिले स्थानीय बजारमा अम्बा बिक्री गर्दै आएको भए पनि अब काठमाडौँ र पोखरासमेत पठाउने योजनामा रहेको उहाँले बताउनुभयो।

उहाँले गुनासो गर्नुभयो, "टिपेर बजारमा लैजाँदा यहीँको



उत्पादन हो र भनेर जिस्काउने गर्दछन्, मलाई बाहिरको ल्याएर बेच्नुपर्ने जरुरी छैन।" उहाँले थाइल्यान्ड र श्रीलङ्कन जातका अम्बा लगाएर उत्पादन गरी बजारमा लैजाने गर्नुभएको छ। बाह्र महिना नै उत्पादन हुने हुँदा यो व्यावसायिक रुपमा खेती गरेको उहाँले सुनाउनुभयो। अहिलेको 'सिजन'मा मात्रै ५० टन हाराहारी अम्बा उत्पादन गर्ने लक्ष्यका साथ आफूले व्यावसायिक रुपमा खेती गरेको उहाँले बताउनुभयो। विगत छ वर्षदेखि व्यावसायिक रुपमा अम्बाको खेती गर्दै आउनुभएका भट्टराई उत्पादन लिन थालेको तीन वर्ष भएको बताउनुहुन्छ।

सामान्य उत्पादन बिरुवा लगाएको १८ महिनाबाट लिन सुरु गरेको भए पनि पूर्ण रुपमा उत्पादन लिन थालेको तीन वर्ष भएको उहाँले सुनाउनुभयो। आयातित अम्बाका कारण स्थानीयले बजार नपाउँदा व्यावसायिक रुपमा गर्ने किसानको सङ्ख्या नगण्य मात्रामा रहेको उहाँले बताउनुभयो। उहाँका अनुसार अहिले जिल्लामा सात जनाले व्यावसायिक रुपमा अम्बाखेती गर्दै आएका छन्। उनीहरुमध्ये कतिपयले प्राविधिक ज्ञान नहुँदा असार महिनामा मात्र उत्पादन लिने गरेका छन्। भट्टराईको अम्बा बगैँचामा उत्पादित अम्बा अहिले एउटा आधा किलोदेखि एक दशमलव पाँच किलोसम्मका रहेका छन्। सोही जमिनमा उहाँले अम्बासँगै ड्रागन फ्रुटको समेत खेती गर्दै आउनुभएको छ।

जिल्ला कृषि विकास कार्यालयका बागबानी विकास अधिकृत स्वस्तिका चौहानका अनुसार व्यावसायिक रुपमा धेरै क्षेत्रफलमा खेती गर्ने भट्टराई मात्रै हुनुहुन्छ।रासस

## युट्युब हेरेर सिकेको
# काष्ठकलाबाट मनग्य आम्दानी

दोधारा चाँदनी। कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-७ का भक्तबहादुर महरा दुई दशक अघिसम्म फर्निचरको काम गर्नुहुन्थ्यो।

उक्त कामबाट परिवारको जोहो गर्न मुस्किल पर्न थालेपछि त्यसको विकल्पको खोजी गर्नुभयो। एक दिन उहाँका साथीले काष्ठकलाका सामग्री बनाउने भिडियो उहाँको मोबाइलमा पठाउनुभयो। "इन्टरनेटमा भिडियो देखेपछि मलाई काष्ठकलाका सामग्री बनाउने इच्छा लाग्यो र यसमै लागेँ", महराले भन्नुभयो, "हाउस डेकोरेसनको काम गर्दा कहिले काम पाइन्थ्यो, कहिले पाइँदैनथ्यो घर खर्च चलाउनै समस्या हुन्थ्यो, अहिले काठका भाँडाकुँडा तयार पार्दै आउनुभएको छ। "अहिले मासिक रु ४० हजारभन्दा बढी आम्दानी हुन्छ, पहिला महिनौँसम्म खाली बस्नुपर्थ्यो", महराले भन्नुभयो, "यसरी राम्रो आम्दानी गर्न सकिएला भन्ने साचेकै थिइनँ।" अहिले उहाँले उत्पादन गरेका सामग्री खरिद गर्न घरमै पुग्नुहुन्छ।

उहाँले उत्पादन गरेका सामग्री बिक्री गर्न समस्या नरहेको बताउनुभयो। "माग त धेरै आउँछ, मागअनुसार मैले उत्पादन गर्न सकेको छैन एक्लै छु", उहाँले भन्नुभयो, "यहाँका सामुदायिक वनले राम्रो गरेका छौँ भनेर कच्चा पदार्थ दिने गरेका छन्।"

पछिल्लो समय युट्



मजदुरीभन्दा यसमा फाइदा छ।" उहाँले दुई वर्षअघिदेखि विजयसालको काठ र बाँसबाट गिलास, जग, बोत्तल, अम्खोरा, कचौरा, फूलदानी, मसलादानी, बेलनालगायत सामग्री बनाउने गरेको बताउनुभयो।

उत्पादन गरिएका काष्ठ र बाँसका सामग्री रु पाँच सयदेखि रु दुई हजारसम्ममा बिक्री हुने गरेका छन्। युट्युबकै सहायताबाट अहिले उहाँले युबलगायत विभिन्न सामाजिक सञ्जालमा मानिस लामो समय बिताउने गरेका छन्। तर यी सञ्जालहरूको सदुपयोग गर्न जानेमा धेरै लाभ लिन सकिन्छ भन्ने एक उदाहरणीय पात्र बन्नुभएको महरा। उहाँले पारिवारिक समस्याका कारण ज्याला मजदुरी गर्दागर्दै यहाँसम्म पुगेको महराको भनाइ छ। "आर्थिक अभावले छिटो पैसा कमाउने भन्ने सोच थियो।रासस

# सभामुखले प्रदेशलाई मुठभेडमा खोजेको गठबन्धनको आरोप



टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेश सभाका सभामुख रामचन्द्र मण्डलले प्रदेशलाई मुठभेडमा लैजना खोजेको प्रतिपक्षी आन्दोलनरत सात दलीय गठबन्धन दलले आरोप लगाएका छन् ।

सात दलीय गठबन्धनले शुक्रबार विज्ञप्ति जारी मधेश प्रदेशलाई मुठभेड तर्फ लैजना खोजेकोमा चिन्ता व्यक्त गरे । महाभियोग प्रस्ताव लागेर आफैँ कारबाहीमा परेका सभामुखले यसरी प्रदेश सभा सदस्यलाई पदमुक्त गर्ने जस्ता कार्य गरेर सम्पूर्ण प्रदेशलाई नै मुठभेडमा लाने खोजेको सो विज्ञप्तिमा उल्लेख गरिएको छ ।

यसका साथै गैरसंवैधानिक र अमार्यदित कार्य कानुन बमोजिम नसच्याए त्यसबाट उत्पन्न हुने परिस्थितिको जिम्मेवार स्वयं सभामुखले लिनुपर्ने चेतावनी गठबन्धनले दिएको छ ।

सो विज्ञप्तिमा कार्तिक २७ गते मधेश प्रदेशको प्रदेश सभा सचिवालयमा प्रदेश सभाको सभामुख रामचन्द्र मण्डलले प्रदेश सभाको बैठक संचालन नगरेको, पदीय मर्यादा विपरीत कार्य गरेको हुनाले सभामुख मण्डलमाथि पद अनुकूल आचरण नगरेको (महाभियोग) प्रस्ताव दर्ता गराउन गएका बेला प्रदेश सभा सदस्यहरुलाई बन्धक बनाइ गाली गलौजसहित अभद्र व्यवहार र गुण्डा बोलाएर हातपात गर्नु गलत रहेको भन्दै घोर निन्दा तथा भर्त्सना गरेको छ ।

त्यस्तै सभामुख मण्डलले पाँच जना प्रदेश सभा सदस्यहरुको पद रिक्त भएको सूचना सार्वजनिक गर्नु दुर्भाग्यपूर्ण, असंवेधानिक तथा गैर राजनीतिक हर्कत रहेको भन्दै गठबन्धनले आलोचना गरेको छ ।

संयुक्त रुपमा जारी सो विज्ञप्तिमा नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, नेकपा (एकीकृत समाजवादी), जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीसहित सात दलीय गठबन्धनका प्रतिनिधिहरुको हस्ताक्षर रहेको छ ।

# विद्यार्थीको सम्मानमा इन्स्टिच्यूटको स्वागत कार्यक्रम

टुडे समाचारदाता

जनकपुरधाम । नेपाल टेक्निकल इन्स्च्यूटले आफ्नो ३० औं वार्षिकोत्सवको अवसरमा नयाँ तथा अध्ययनरत उत्तीर्ण विद्यार्थीहरुको सम्मान गर्दै स्वागत कार्यक्रम २०८२ सम्पन्न गरेको छ ।

वार्षिकोत्सवको अवसरमा आयोजित सो स्वागत कार्यक्रममा इन्स्टिच्यूट अन्तर्गत तीनवटै कार्यक्रममा विभिन्न सांस्कृतिक कार्यक्रमको आयोजना समेत गरिएको थियो । सांस्कृतिक कार्यक्रममा इन्स्टिच्यूट अन्तर्गत संचालित चारवटै शैक्षिक निकायका विद्यार्थीहरुले आ-आफ्नो कला प्रदर्शन गरेका थिए ।

सो इन्स्टिच्यूट अन्तर्गत सेन्ट्रल इन्जिनीयरिंग कलेज, सेन्ट्रल म्यानेजमेन्ट कलेज, सेन्ट्रल




शैक्षिक संस्थामा अध्ययनरत्त समेटेस्टर उत्तीर्ण विद्यार्थीहरुलाई दोसल्ला ओढाइ प्रमाणपत्र सहित र विभिन्न संकायमा नामांकन गराएका नयाँ विद्यार्थीहरुलाई मायाको चिनो प्रदान गर्दै सम्मान गरिएको इन्स्टिच्यूटका संस्थापक विजय झाले जानकारी दिए । सो हस्पिटल संचालनमा रहेका छन् । चालु शैक्षिक सत्रमा इन्स्टिच्यूटले सात सय नयाँ विद्यार्थी भर्ना गराउने लक्ष्य राखेकोमा ५ सय ३८ नयाँ विद्यार्थीले भर्ना लिएको जानकारी कार्यक्रमका प्रमुख अतिथि समेत रहेको संस्थापक झाले बताए ।

# पद अनुकूल आचरण अपनाउन प्रदेश प्रमुखको आह्वान




टुडे समाचारदाता

जनकपुरधाम । सरकार गठन संवैधानिक नरहेको भन्दै आन्दोलनरत मधेश प्रदेशका सात दलीय गठबन्धनले मधेश प्रदेशका प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णसित भेटघाट गरेका छन् ।

मधेश भवनस्थित प्रदेश प्रमुखको सरकारी निवासमा शुक्रबार सात दलीय गठबन्धनका नेताहरुले सभामुख रामचन्द्र मण्डलको पदीय आचरण विपरीतका गतिविधिबारे गुनासो गरेका छन् ।

प्रदेश प्रमुख लाभसंगको भेटघाटमा उपस्थित जसपा नेपाल मधेश प्रदेशका प्रमुख सचेतक रामआशिष यादवले सभामुख मण्डलले पद अनुकूलको आचरण नगरेको असन्तुष्टि पोखे । त्यही कारण बिहीबार प्रस्ताव पेस गर्न पुगेका सात दलका सांसदमाथि मण्डलले हातपात र दुर्व्यवहार गरेको जानकारी प्रदेश प्रमुखलाई गराइएको उनले बताए ।

प्रदेश प्रमुख कर्णसित पूर्व मुख्यमन्त्री सरोजकुमार यादव (बारा), निवर्तमान मुख्यमन्त्री जितेन्द्र सोनल, कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवलगायत सात दलका सांसदले भेटघाट गरेका छन् ।

प्रदेश प्रमुखका नियुक्त भएका लाभ बिहीबार जनकपुरधाम आएर कार्यभार सम्हालेका छन् । राजनीतिक दलका प्रतिनिधिसित उनले मधेशमा देखिएको राजनीति गतिरोधबारे परामर्श थालेका छन् ।

# झोलामा हात्ती कस्दै मधेश प्रदेशका सांसदहरू

ब्लग :



श्यामसुन्दर शशि



बाल्यकालमा एउटा कथा सुनेको थिए- एका देशमा एउटा राजा थिए । देवी देवताको पूजा अराधनापछि बुढेसकालमा बल्ल एउटा छोरा पाएका थिए । भनिन्छ, बुढेसकालमा जन्मेकाको सन्तानमाथि धेरै माया हुन्छ । राजकुमारलाई राजा रानी औँधि माया गर्थे । आमाबुबाको माया पाएर राजकुमार जिद्दी भए। मागेको र खोजेको चिजबीज तथा खेलौना नपाएपछि उत्पात मचाउँथे । उनको उत्पात देखेर राजा रानीलाई खुसी हुन्थे । एकाविहान राजकुमारलाई सनक चलेछ । उ रोइकराइ गर्न थाले- 'मलाई हात्ती चाहिन्छ ....।' रानी खेलौनाको डालोबाट हात्ती झिकेर दिइन्, तर राजकुमार खुसी भएनन् । झन् ठुलो स्वरमा चित्याउन थाले । रानी नानाप्रकारका हात्तीका खेलौना देखाउँदै मनाउँन थालीन् । उनको जिद्द झन्झन् बढ्दै गयो । अन्तमा राजकुमार राजाको हतिसारतर्फ इसारा गर्दै भने छन्- ' मलाई त्यो ठुलो हात्ती चाहियो ।' रानीको लागि हात्ती ठुलो कुरा थिएन । माउतेलाई आदेश दिइछन्- 'लु राजकुमारलाई त्यो हात्तीमा बसाएर सयर गराउ ।' राजकुमारलाई हतिसारमा लगियो । मकुनो हात्तीमाथि हौदा सजाइयो अनि राजकुमारलाई आशीन गराइयो । तर उ झन् कराउँन थाले । राजकुमारको रोइ-कराइ सुनेर राजा पनि बाहिर निस्किए । माउतेलाई हप्काउँदै भने- 'राजकुमारलाई किन रुवाएको सोध त उनलाई के चाहिन्छ ?' अनि राजकुमारको अर्को डिमाण्ड आयो- 'मलाई झोला चाहिन्छ ।' माउते तुरुन्तै झोला ल्याएर दिए छन् । झोला पाउने बित्तिकै राजकुमार भक्कानो पारेर रुन थाले । राजा वाक्कदिक्क भएर सोधे छन्- 'अब तिमीलाई के चाहियो ?' राजकुमारको जवाफ थियो- 'त्यो हात्तीलाई यो झोलामा कसेर देउ ।' राजा, रानी र माउते जिल्ल परेछन् । मौन भए छन् ।

मधेश प्रदेशमा पछिल्लो पटक मञ्चन हुन थालेको संविधान, नियम, नीति र नैतिकताविहीन नाटक मलाई बाल्यकालमा सुनेको बालमनोविज्ञानसंग सम्बन्धित यो कथाको याद ताजा गरायो । आज म सम्झिदै छु,-राजकुमार त बालक थिए । राजाका प्यारो छोरा भएकोले सनकी थिए । उनमा बालपन थियो र बालमनोविज्ञान अनुसार हात्तीलाई सानो झोलामा बन्द गर्न जिद्दी गर्दै थिए । मधेश प्रदेशका नेता तथा उनीहरुलाई माथिबाट निर्देशन दिने उपल्ला नेताहरु त देश दुनिया खाइ-पचाइसकेका प्रौढहरु छन् । अनि उनीहरुको चरित्रमा बालपन किन देखिएको होला ?? संघीयताको धरतीमा संघीयता कमजोर त हुन गइ रहेको छैन ??

कार्तिक २२ गते आइतबार निवर्तमान मुख्यमन्त्री जितेन्द्र सोनल सदनमा विश्वाशको मत लिइ रहँदा आफ्नै पार्टीबाट पछाडिएका तथा छुट्टै पार्टीको अस्तित्व गुमाएका जनस्वराज पार्टी (?) का पूर्वमुख्यमन्त्री सतीशकुमार सिंह र त्रिभुवन साह आफ्नो मोबाइलसमेतको स्वीच अफ गरेर मतदान प्रक्रियाबाट अलग बस्नुको औचित्य बुझ्न सकिन्छ । तर मधेश प्रदेशको सत्तागठबन्धनमा रहेको नेकपा माओवादी केन्द्रका प्रदेश सांसदद्वय रहबर अन्सारी र माला कुमारी कर्णले मतदान प्रक्रियामा भाग नलिनुको अर्थ बुझ्न गाह्रो भयो । प्रदेशसभामा रहेका कुनै पनि सांसदसंग मुख्यमन्त्री बन्ने नैतिक आधार नभएको उद्घोष गर्दै आफ्नै अनुहारमा कालो मोसो दलेका रहबर अन्सारी आफैँ राजीनामा दिए हुन्थ्यो । तर उनले मतदान प्रक्रियाबाट

> राजनीति र प्रेममा सबथोक जायज हुन्छ, तर मधेश प्रदेशले अर्कै भाष्य बनाएको छ । त्यो के हो भन्ने- राजनीतिमा बालहठ पनि सम्भव छ । जहाँ हात्तीलाई सानो झोलामा कैद गर्न जिद्दी गर्न सकिन्छ र यस सनकलाई पार्टीका कार्यकर्तादेखि उपल्ला नेताहरुले समर्थन गर्नु पर्दछ ।

अलग भएर एमालेलाई नेपालको संविधान १६८ को ३ अनुसार सरकार बनाउने बाटो खोली दिए । सरसर्ती हेर्दा माओवादी केन्द्रका दुई प्रदेश सांसदको सनकवा जिद्द झोलामा हात्ती कस्ने राजकुमार जस्तै देखिए पनि उनीहरुको उद्देश्य भने धेरै ठूलो थियो ।

एमालेको कोटामा प्रदेश प्रमुख नियुक्त सुमित्रा सुवेदी भण्डारी र एमालेबाट सभामुख निर्वाचित रामचन्द्र मण्डलले एमाले संसददीय दलका नेता सरोजकुमार यादवलाई नियुक्त गर्न ल्याकतले भ्याएसम्म जोडबल गर्नुलाई अनुचित मान्न नसकिएला, तर प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारी विरामीको बहाना बनाएर राति आवासबाट निस्किनु, सिन्धुली, महोत्तरी र धनुषाको सीमा नजिक बर्दीवासको एक होटलमा रातारात मुख्यमन्त्री नियुक्त गरिएको पत्र दिनु र शपथ ग्रहणसमेत गराउनु नीति र नैतिकता विरुद्धको नाटकमात्र नभइ, बालक राजकुमारले देखाएको सनक जस्तै हो । सूर्य पनि निदाइ रहेको बेला निर्जन जंगलमा अवस्थित होटलमा आफ्नै पार्टीसमेतका मुख्य सचेतकलाई जानकारी नगराइ कुनै मुख्यमन्त्रीले शपथ लिएको सम्भवतः यो पहिलो घटना होला । मधेश भवनमा अवस्थित मुख्यमन्त्री कार्यालयलाई घेराउ गरी बसेका सात दलका नेता तथा कार्यकर्ताहरुमाथि लाठी चार्ज गरेर भए पनि मुख्यमन्त्रीलाई पदस्थापन गराउन सफल स्थानीय प्रशासन मुख्यमन्त्रीको शपथ ग्रहण प्रदेश राजधानी जनकपुरमा पनि गराउन सक्थे ।

बालमनोविज्ञान प्रदर्शन गरेका प्रदेश प्रमुख सुमित्रा सुवेदीलाई पदच्यूत गरेर नेपाल सरकारले तुरुन्तै कारबाही गरेको छ । अधिवक्ता रवि साहले दर्ता गराएको रिट निवेदनमाथि सुनुवाइ गर्दै सम्मानित सर्वोच्च अदालतले अन्तिम फैसला नआएसम्म मुख्यमन्त्री सरोजकुमार यादवलाई मधेश प्रदेशलाई दूरगामी प्रभाव पर्ने कुनै पनि प्रकारको कामकाज गर्न रोक लगाएको छ । मधेश प्रदेशका ७४ जना सांसदले दर्ता गराएको रिट निवेदनमाथि आइतबार सुनुवाइ हुँदै छ । अर्थात् मधेश प्रदेशसभाको विषय न्यायालय पुगेको छ । न्यायालयको फैसला सबैले मान्नुपर्ने बाध्यता हो । यस परिस्थितिमा सात दल सम्बद्ध नेता तथा कार्यकर्ताहरु मुख्यमन्त्रीलाई हटाउनु पर्ने माग गर्ने नाममा सार्वजनिक सम्पतिमा तोडफोड गर्नु, नेपालको झण्डाको अपमान गर्नु र कर्मचारीमाथि हातपातगर्नु,उहि बाल राजकुमारले प्रदर्शन गरेको बाललीला हो भन्दा फरक नपर्ला ।

मधेश प्रदेशसभामा मञ्चन भएको पछिल्ला बाल नाटक भने बेजोड छ । यस नाटकमा बालबालिकाहरुले समेत प्रदर्शन गर्न नसक्ने 'मूढ्ता' छ । गजबको पटकथा छ । भौतिक 'द्वन्द्व' छ अनि सटिक वार्तालाप छ । सातदल सम्बद्ध ६४ जना सांसदको हस्ताक्षरसहित प्रदेश प्रमुखको कार्यालय पुगेका नेता तथा कार्यकर्ताहरुमाथि हातपात भएको आरोप छ । अर्कोतर्फ महाभियोग दर्ता भएको केही मिनेट भित्रै सभामुख रामचन्द्र मण्डलले प्रदेश सांसदहरु उर्मिला देवी सिंह, मनिषकुमार सुमन, संजयकुमार यादव, सिंहाशन साँ कलवार र शारदाशंकर प्रसाद साहलाई निलम्बन गरेको सूचना निकाल्नु भयो । यी पाँचजना सांसद नेपालको संविधानको धारा १८०(घ) बमोजिम प्रदेशसभाको बैठकमा लगातार १० पटक अनुपस्तित रहेको उल्लेख गर्दै उनीहरुलाई कार्तिक २७ गतेदेखि प्रदेशसभाबाट पदमुक्त भएको उल्लेख छ ।

यस बाल नाटकको द्वन्द्व भने चाख लाग्दो छ । आफूमाथि महाभियोग लागेका सभामुख पाँचजना सांसदलाई पद मुक्त गरेको सूचना प्रकाशित भएको केही घन्टाभित्रै उपसभामुख बबिता कुमारी राउत इसरको अर्को सूचना सार्वजनिक हुन्छ । जसमा ' मधेश प्रदेशसभाको मिति २०८२ कार्तिक २२ गतेको विश्वासको मत सम्बन्धी प्रस्तावको बैठकमा उक्त सूचनामा उल्लेख भएका सम्पूर्ण माननीयहरु उपस्थित रहेको हाजिरी तथा भिडियो रेकर्डबाट देखिएकोले सो पद रिक्त सम्बन्धी सूचना बदर गरिएको बेहोरा सम्बन्धित सम्पूर्ण सरोकारबालामा जानकारी गराइन्छ ।' उल्लेख छ ।

भनिन्छ, राजनीति र प्रेममा सबथोक जायज हुन्छ, तर मधेश प्रदेशले अर्कै भाष्य बनाएको छ । त्यो के हो भन्ने- राजनीतिमा बालहठ पनि सम्भव छ । जहाँ हात्तीलाई सानो झोलामा कैद गर्न जिद्दी गर्न सकिन्छ र यस सनकलाई पार्टीका कार्यकर्तादेखि उपल्ला नेताहरुले समर्थन गर्नु पर्दछ ।

# सीमानाका कडाइ गर्नु आवश्यक

टुडे समाचारदाता

जनकपुरधाम । 'हाम्रो आह्वान मानव बेचविखनविरुद्धको अभियान' मूलनाराका साथ शान्ति पुनर्स्थापना गृहले नेपाल-भारतसंग जोडिएका सीमानाकालाई मध्यनजर गर्दै चेलीबेटी बेचविखनविरुद्ध एक वर्षसम्म गरिएको गतिविधिहरुमाथि समीक्षा गरेको छ ।

जनकपुरधाममा शुक्रबार शान्ति पुनर्स्थापना गृहले एक कार्यक्रम आयोजना गर्दै आर्थिक वर्ष २०८१/०८२ मा संचालित विभिन्न कार्यक्रमहरुको समीक्षा गर्दै उक्त संस्थाले सीमा निगरानी कार्यक्रम, परामर्श र उद्धार, पुनर्स्थापना र पुनर्मिलन, जनसम्पर्क, क्षमता विकास र जनचेतनामूलक कार्यक्रमहरु, यातायात व्यवसायीसंगको सम्पर्क र समन्वय तथा होटल व्यवसायीसंगको सम्पर्क र समन्वयलगायतका कामकारबाहीहरुबारे चर्चा गरिएको छ ।

सो कार्यक्रममा जिल्ला समन्वय समिति धनुषाका अध्यक्ष राजनन्दन मण्डलले




गरिबी, बेरोजगारीका कारण रोजगारीका नाममा किशोरी महिलालाई प्रलोभनमा पारी सीमापारी लगेर बेचविखन गरिने कार्यलाई तत्काल कडाइ गर्नु आवश्यकता रहेको बताएका छन् ।

अध्यक्ष मण्डलले रोजगारीका नाममा आउने विभिन्न विज्ञापन, सूचना र जानकारीबारे पूर्णरुपमा बुझेर मात्रै रोजगारीमा लाग्नका लागि सचेत हुनु पर्ने बताए । उनले महिलालाई शिक्षा र सचेतना हुनु पनि त्यतिकै जरुरी रहेको औल्याए ।

जनकपुरधामका उपमेयर किशोरी साहले छोरीलाई शिक्षासंगै घरपरिवारले ध्यान दिनुपर्ने बताए । उनले अहिले पढेलेखेकाहरु पनि शिक्षितहरुलाई ठगी रहेकाले यसप्रति सजग र सचेत हुनु जरुरी रहेको बताए ।

त्यस्तै धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइटेलले धनुषाको विभिन्न सीमानाकाबाट हुने गरेको चेलीबेटी बेचविखनलगायत घटनाबाट सचेत हुनुपर्ने बताए । उनले नेपाल-भारत खुला सीमानाका जोडिएकाले विभिन्न खाले आपराधिक गतिविधिसमेत रोक्दै बेचविखनका घटनाहरुलाई कडाइका साथ कारबाही गर्न प्रहरीलाई निर्देशन दिए ।

शान्ति पुनर्स्थापना गृहका सचिव परशुराम गौतमको अध्यक्षतामा भएको यस कार्यक्रममा धनुषा प्रहरीका प्रहरी उपरीक्षक रुगम बहादुर कुँवरले धनुषाको नेपाल-भारत सीमानाकाहरु कडाइ गरिएकाले अहिले चेलीबेटी बेचविखनलगायतका गतिविधिहरु नहुने गरेको दाबी गरे ।

यस कार्यक्रममा शान्ति पुनर्स्थापना गृहले आफ्नो वार्षिक सामाजिक लेखा परीक्षणमा एक वर्षमा गरेका विभिन्न गतिविधि तथा आर्थिक खर्चलगायतकालाई समेटेर छलफल कार्यक्रम गरेको थियो ।

मधेश कृषि विश्वविद्यालय
राजविराज, सप्तरी



कृषि स्नातक (B.Sc. Ag. Hons) तहमा विद्यार्थी भर्ना म्याद थप सम्बन्धी सूचना

शैक्षिक सत्र २०८२/०८३ का लागि कृषि संकायमा ४ वर्षे कृषि स्नातक तह (B.Sc. Ag. Hons) मा अध्ययन गर्न आवश्यक न्यूनतम योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुबाट Online आवेदन फाराम भर्न मिति २०८२/०७/२१ गतेसम्म रहेकोमा मिति २०८२/०८/०६ गतेसम्म http://entrance.mau.edu.np मा गई आवेदन फारम भर्न म्याद थपको सूचना प्रकाशन गरिएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८